महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

कर्णाली प्रदेश



महालेखापरीक्षकको
चौथो वार्षिक प्रतिवेदन
२०७९
कर्णाली प्रदेश













महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने

Be credible institution in promoting accountability, transparency and integrity

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

Provide independent and quality audit service to nation

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

नेपालका महालेखापरीक्षक



बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं.



मितिः २०७९।०३।२९

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश बिरेन्द्रनगर, सुर्खेत।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ०१-५९१९१६१ फ्याक्स नम्बर ०१-४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चित कोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा**	८
	मन्त्रालय र निकायगत व्यहोरा	१७
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	२२
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय	२८
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३२
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३७
	७. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	४२
	८. सामाजिक विकास मन्त्रालय	५२
	९. प्रदेश लोक सेवा आयोग	५५
	१०. मुख्य न्यायाधिवक्ताको कार्यालय	५६
	११. कर्णाली प्रदेश योजना आयोग	५७
	परिच्छेद ४ प्रतिवेदन कार्यान्वयनको स्थिति	५९
	परिच्छेद ५ सुधारका क्षेत्रहरू	६०
	अनुसूचीहरू	६७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुन बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम कर्णाली प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकार तर्फ चौथो वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवाला मार्फत कार्यान्वयन भई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । यस वर्ष देखि लेखापरीक्षणको कार्यलाई सूचना प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन लेखापरीक्षणको गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश सरकार र मातहतका कार्यालय समेत १५१ निकायको रु.३१ अर्ब ८ करोड ९० लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा रु.१ अर्ब ६० करोड १८ लाख ९ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको ५.१५ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको ३.५६ प्रतिशत बेरुजु कायम भएकोमा यस वर्ष ५.१५ प्रतिशत कायम भएकोले बेरुजु प्रतिशत बढेको छ। म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन । सार्वजनिक स्रोत साधनको उपयोग वा बेरुजु फर्स्यौट गरी आर्थिक अनुशासन कायम गर्ने विषयलाई कार्य सम्पादनको स्तरको आधारमा दण्ड र पुरस्कार दिने प्रक्रियासँग आवद्ध गर्नुपर्दछ ।

प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्नुपर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्ने देखिएको छ ।

विकास निर्माणतर्फ आयोजना बैंकमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिए बमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको र
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १५१ निकायको २०७७।७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ५३ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ३७ निकायको छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ६१ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरीएको छ । यो वर्ष देखि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग सफ्टवेयर मार्फत लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा लेखापरीक्षण गर्न सम्बन्धित सरोकारवालाहरूलाई भर्चुअल माध्यमबाट जानकारी समेत गराइएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तरक्रिया** - महालेखापरीक्षकको २०७७/७८ को लेखापरीक्षणको सिलसिलामा मुख्यमन्त्री, कर्णाली प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री लगायत प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरूसँग २०७९।१।४ गते माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन** - महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

पत्र संख्या: २०७८।७९
च.नं.: १९०

मितिः २०७९।३।२८

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले कर्णाली प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू (अनुसुची १४) को लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएका २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छ । तर वित्तीय विवरणमा समेट्नु पर्ने सबै सूचना, कारोबार समेट्न सकेको छैन।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.१ अर्ब ५३ करोड ८८ लाख ६४ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१५ करोड २२ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ अर्ब १ करोड ८३ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.१८ करोड १७ लाख ९८ हजार र पेस्की बाँकी रु.१८ करोड ६४ लाख २८ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समिति तर्फ रु.६ करोड २९ लाख ४५ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु.६ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ करोड ३९ लाख १० हजार र नियमित गर्नुपर्ने रु.३ करोड ८३ लाख ९७ हजार रहेको छ।

३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

४. प्रदेश सरकारको लागि रु.९ अर्ब ६३ करोड २९ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.५ अर्ब ९२ करोड ९१ लाख खर्च भई रु.३ अर्ब ७० करोड ३८ लाख प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। कोषमा रकम बाँकी रहँदा कार्यक्रम संचालनमा असर पर्न गएको छ।

५. संघीय सरकारबाट प्रदेश सरकारको लागि रु.४ अर्ब ३१ करोड ८४ लाख ८३ हजार सर्शत अनुदान, रु.२५ करोड, समपुरक अनुदान र रु.४४ करोड विशेष अनुदान समेत रु.५अर्ब ८४ लाख ८३ हजार अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु.१ अर्ब ६८ करोड ४० लाख ९३ हजार बचत रहेको छ। उक्त रकम संघीय

संचित कोषमा फिर्ता भएको छ। सर्शत अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

६. प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व जम्मा हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विभाज्य कोषको आय व्यय विवरण तयार गरेको छ। साविक जिम्मेवारी समेत जम्मा रु.२२ करोड ५२ लाख ५५ हजार आय देखिएकोमा रु.९ करोड १३ लाख ४९ हजार विभाजन गरी रु.१३ करोड ३९ लाख ६ हजार प्रदेश विभाज्य कोषमा बाँकी रहेको छ। उक्त रकम ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा विभाजन गर्नुपर्दछ।

७. प्रदेश सरकारको स्रोतबाट वित्तीय हस्तान्तरण मार्फत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान ७९ स्थानीय तहलाई रु.२ अर्ब ६० करोड ८१ लाख २४ हजार निकासा गरेको छ। उक्त रकम मध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७८ आषाढ मसान्त सम्मको स्थानीय तहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन । यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्दछ।

८. ऐन नियम परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम सम्पन्न गरिएको छ। सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसंग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरू प्रदेश सञ्चित कोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

.....

(बामदेव शर्मा अधिकारी)
उप-महालेखापरीक्षक

परिच्छेद - १
लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण स्थिति**

लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम (रु.हजारमा)
१. सरकारी कार्यालय	१४१	३०४३७३४६
२. समिति र अन्य संस्था	१०	६५१६९०
जम्मा	**१५१**	**३१०८९०३६**

नोटः १ (७९ स्थानीय तहमा गएको रकम समावेश भएको तर कार्यालय संख्यामा समावेश छैन)

यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १४१ निकायको रु.३० अर्ब ४३ करोड ७३ लाख ४६ हजार, अन्य संस्था तथा समितितर्फ १० निकायको रु.६५ करोड १६ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण अनुसूची-१, १क, २ र ३ मा उल्लेख छ।

१. **सरकारी निकाय** - यो वर्ष १४१ सरकारी निकायको विनियोजन राजस्व धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०७७।७८ को खर्च रकम	बक्यौता	जम्मा
१.	विनियोजन	२२४८२९०२	००.००	२२४८२९०२
२.	राजस्व	६७७२८५९	००.००	६७७२८५९
३.	धरौटी	८६९५१९	००.००	८६९५१९
४.	अन्य	३१२०६६	००.००	३१२०६६
जम्माः		**३०४३७३४६**	**००.००**	**३०४३७३४६**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण अनुसूची—२ मा उल्लेख छ ।

२. **समिति र अन्य संस्था -** आर्थिक वर्ष २०७७/७८ मा विकास समिति अन्य संस्था तथा समिति १० को रु.६५ करोड १६ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची ३ र ४ मा समावेश छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा **परिच्छेद-३** को मन्त्रालय खण्डमा समावेश छ ।

३. **प्रदेश बजेट कार्यान्वयन स्थिति-** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ ।

(रु.हजारमा)

शीर्षक /क्षेत्र	२०७७।७८ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु (वित्तीय हस्तान्तरण समेत)	१४,६७,२२,३२	८,४७,६७,०८	५७.७७
पुँजीगत	१९,०६,९१,२१	१४,२७,५२,७२	७४.८६
जम्मा	**३३,७४,१३,५३**	२२,७५,१९,८०	**६७.४३**

सोझै भुक्तानी भएको रकम रु.७१ करोड ६ हजार प्रदेश सरकारको आय-व्ययमा समावेश नगरेकोले यस्तो खर्चको यथार्थता यकिन भएको छैन ।

४. **खर्चको स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल चालु र पुँजिगत खर्चको विवरण निम्नानुसार छ ।

(रु.हजारमा)

क्र. सं.	निकाय	बजेट		यथार्थ खर्च	
		चालु तर्फ	पुँजीगत तर्फ	चालु तर्फ	पुँजीगत तर्फ
१	प्रदेश सभा सचिवालय	१०,३२,६३	२,०१,७८	८,५६,८९	१,९९,७७
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१,२०,०८,९०	४,९९,०२,३८	४४,२३,६९	४,०२,८५,६३
३	आर्थिक मामिला मन्त्रालय तथा योजना मन्त्रालय	१२,३६,८९	५,९८,३५	८,५८,८२	४,४६,८३
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२४,९५,०३	३७,३९,४८	१४,३२,१८	१५,५१,१९
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	९५,८७,६८	१,२०,२३,८८	७४,२४,१५	८१,७८,३९
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२,०२,७६,०१	६५,६०,६२	१६,३४,६५०	५७,१८,४४
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३५,०२,१०	१२,२३,५९,६३	२४,९५,७९	७,५९,४२,७०
८	सामाजिक विकास मन्त्रालय	३८०३८७२	१,९२,१०,६०	२४,५०,६३४	१,०३,६६,४४
९	प्रदेश लोक सेवा आयोग	२,५७,०५	३४,००	६०,६०	३३९४
१०	मुख्य न्यायधिवक्ताको कार्यालय	१,१०,६०	१०,९५	९२,०२	१०,८९
११	कर्णाली प्रदेश योजना आयोग	४,०२,१८	६६,८०	१,८८,८६	१८,५०
	जम्मा	**११,००,६२,१४**	**१८,१६,१७,६०**	**५८६८५८४**	**१४,२७,५२,७२**
	अर्थ वित्तीय व्यवस्था				
	कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा				
१२	अर्थ विविध	१६,४०,३०	९०,७३,६१	०.००	०.००
१३	स्थानीय तह	३,५०,१९,८८	०.००	२,६०,८१,२४	
	जम्मा	**१४,६७,२२,३२**	**१९,०६,९१,२१**	**८,४७,६७,०८**	**१४,२७,५२,७२**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालूतर्फ रु.८ अर्ब ४७ करोड ६७ लाख ८ हजार अर्थात् विनियोजनको ६७.४९ प्रतिशत र पुँजीगततर्फ रु.१४ अर्ब २७ करोड ५२ लाख ७२ हजार अर्थात् विनियोजित बजेटको ६६ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रु.३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार मध्ये ६७.४३ प्रतिशत अर्थात् रु.२२ अर्ब ७५ करोड १९ लाख ८० हजार खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालूतर्फबाट रु.३ अर्ब ५० करोड १९ लाख ८८ हजार व्यवस्था गरेकोमध्ये रु.२ अर्ब ६० करोड ८१ लाख २४ हजार अर्थात् ७४.४८ प्रतिशत खर्च गरेको छ। समग्रमा प्रदेश सरकारको सञ्चित कोषबाट रु.३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार को विनियोजन भएकोमा रु.२२ अर्ब ७५ करोड १९ लाख ८० हजार खर्च भई विनियोजनको तुलनामा ६७.४३ प्रतिशत खर्च गरेको देखियो ।

५. **स्थानीय तहलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउन प्रदेशले विनियोजन गरेको बजेटबाट स्थानीय सरकारका कार्यक्रम संचालन गर्न वित्तीय समानिकरण अनुदान तर्फ रु.८० करोड, सर्शत अनुदान तर्फ रु.८८ करोड ६५ लाख ८० हजार, विशेष अनुदान तर्फ रु.३३

करोड ९२ लाख ५३ हजार र समपुरक अनुदान तर्फ ५८ करोड २२ लाख ८९ हजार समेत रु.२ अर्ब ६० करोड ८१ लाख २४ हजार हस्तान्तरण गरेको छ । स्थानीय तहहरूलाई बजेट दिएको विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ ।

६. **स्रोतगत अनुमान र यथार्थ खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७७।७८ को			अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	प्राप्ति	यथार्थ खर्च	
संघीय सरकार तर्फ	**१४,८५,४१,१५**	**१४,६४,१३,८३**	**९,९६,३४,७४**	**६७.०७**
समानीकरण अनुदान	९,६३,२९,००	९,६३,२९,००	५,९२,९०,८०	६१.५५
सशर्त अनुदान (वैदेशिक सहयोग समेत)	४,५०,८७,१५	४,३१,८४,८३	३,७४,०२,२९	८२.९५
समपूरक अनुदान	२५,२५,००	२५,००,००	९,७७,५१	३८.७१
विशेष अनुदान	४६,००,००	४४,००,००	१९,६४,१४	४२.६९
प्रदेश सरकारतर्फ	**१८,८८,७२,३८**	**१८,६२,९५,४२**	**१२,७८,८५,०६**	**६७.७०**
जम्मा	**३३,७४,१३,५३**	**३३,२७,०९,२५**	**२२,७५,१९,८०**	**६७.४३**

***नोटः** सोझै भुक्तानी भएको रकम रु.७१ करोड ६ हजार समावेश छैन।*

आर्थिक वर्ष २०७७।७८ मा प्रदेश सरकारको कुल खर्चको ६७.०७ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत तर्फ ६७.७० प्रतिशत रहेको छ।

७. **राजस्व असुली** - प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व सङ्कलन र परिचालन रहेको छ। २०७७।७८ मा प्रदेश सरकारको प्राप्ति अवस्था निम्न अनुसार छन्:

(रु. हजारमा)

सि.नं.	स्रोत	अनुमान	प्राप्ति	प्रतिशत
१.	कर राजस्व	७३९५६००	६२७१३४७	८४.७९
२.	अन्य राजस्व	३००६५३	६३९४९२	२१२.७०
	जम्मा	**७६९६२५३**	**६९१०८३९**	**८९.७९**

- आर्थिक बर्ष २०७७।७८ मा प्रदेशले प्राप्त गरेको रु.६ अर्ब ९१ करोड ८ लाख ३९ हजारमध्ये संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँट रकम रु.६ अर्ब २७ करोड १३ लाख ४७ हजार (९०.७५ प्रतिशत) रहेको छ। प्रदेश सरकारले उक्त बाँडफाँट राजस्वमध्ये सवारी साधन कर बापत रु.१३ करोड ३९ लाख ६ हजार सङ्कलन गरेको छ।

- प्रदेश नियन्त्रक कार्यालयले उपलब्ध गराएको सञ्चित कोषको आर्थिक विवरणमा उल्लेख भएअनुसार शीर्षकगत कुल राजस्व रु.६ अर्ब ७७ करोड २८ लाख ५९ हजार असुल भएको छ । शीर्षकगत राजस्व असुलीको विस्तृत विवरण **अनुसूची-८** मा उल्लेख गरिएको छ ।

८. **वित्तीय हस्तान्तरण -** आर्थिक बर्ष २०७७।७८ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न अनुसार छ ।

(रु.हजारमा)

स्रोत	बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानिकरण अनुदान	८०,००,००	८०,००,००	१००
शसर्त अनुदान	१,०४,२३,४७	८८,६५,८०	८५.०५
विषेश अनुदान	४०,५८,३१	३३,९२,५३	८३.५९
समपूरक अनुदान	१,२५,३८,१०	५८,२२,८९	४६.४४
जम्माः	**३,५०,१९,८८**	**२,६०,८१,२४**	**७४.४७**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो बर्ष ७९ स्थानीय तहमा रु.२ अर्ब ६० करोड ८१ लाख २४ हजार उपलव्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरण बाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क सङ्कलन गरेर प्रदेश सञ्चित कोषमा फिर्ता गराउने कार्य बाँकी रहेको छ ।

९. **संघीय कार्यालयलाई अख्तियारी -** प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले संघीय सरकारका १५ कार्यालयलाई रु.८ करोड ५० लाख ३६ हजार बजेट उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद-३ मा उल्लेख छ । यसको विवरण **अनुसूची-१२** मा समावेश छ।

परिच्छेद २

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ । प्रदेशको सरकारी कार्यालय, अन्य संस्था तथा समितिको उपर्युक्त परिभाषा बमोजिम फर्स्यौट गर्नुपर्ने अद्यावधिक रकम देहाय अनुसार रु.१ अर्ब ६० करोड १८ लाख ९ हजार रहेको छः

यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु अङ्क निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**१५३८८६४**	**६२९४५**	**१६०१८०९**	**१००**
१. असुल गर्नुपर्ने	**१५२२४२**	**६३८**	**१५२८८०**	**९.५४**
२. नियमित गर्नुपर्ने	**१२००१९४**	**६२३०७**	**१२६२५०१**	**७८.८२**
• अनियमित भएको	१८१७९८	३८३९७	२२०१९५	१३.७५
• प्रमाण कागजात पेस नभएको	१०१८३९६	२३९१०	१०४२३०६	६५.०७
• जिम्मेवारी नसारेको	०	०	०	०
• शोधभर्ना नलिएको	०	०	०	०
३. पेस्की	**१८६४२८**	**०**	**१८६४२८**	**११.६४**
• कर्मचारी पेस्की	६१५२	०	६१५२	०.३८
• मोबीलाइजेसन पेस्की	१८००८२	०	१८००८२	११.२४
• प्रतितपत्र पेस्की	०	०	०	०
• संस्थागत पेस्की	१९४	०	१९४	०.००

बेरुजु वर्गीकरणको विवरण अनुसूची ९ र १० मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु** - प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समिति तर्फ गत वर्षको बाँकी रु. १ अर्ब १९ करोड ६९ लाख २१ हजार र यो वर्षको रु.१ अर्व ६० करोड १८ लाख ९ हजार समेत अद्यावधिक बेरुजु रु.२ अर्ब ७९ करोड ८७ लाख ३० हजार रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-११ मा रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष सम्म	यस वर्ष	जम्मा रकम
१	प्रदेश सरकारी कार्यालयको बेरुजु	११९१९६३	१,५३,८८,६४	२७३०८२७
२	अन्य संस्था तथा समितिको बेरुजु	४९,५८	६,२९,४५	६,७९,०३
	जम्मा	**११९६९२१**	**१,६०,१८,०९**	**२७९८७३०**

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७७।७८ को बेरुजु फर्स्यौंट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन । तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची -१३ मा समावेश गरिएको छ ।

३.२ सरकारी कार्यालय अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन्:

क्र. स.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	८६९३६२१	११२२७५	९९३१५१	१६२४२१	१२६७८४७	७९.१५	१४.५८
२	सामाजिक विकास मन्त्रालय	३४९५७०८	२४९०७	१२७३५५	१०९०९	१६३१७१	१०.१९	०.२७
३	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	१७२१७२४	३०५५	८४९४१	५७२१	९३७१७	५.८५	५.२०
४	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२२९२८५०	५०९८	२८९९६	४०१९	३८११३	२.३८	१.६६
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३७५१३२	६६००	२८०००	३३५७	३७९५७	२.३७	९.७२
	जम्माः	**१६५७९०३५**	**१५१९३५**	**१२६२४४३**	**१८६४२७**	**१६००८०५**		

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा प्रथम स्थानमा रहेको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैभन्दा कम बेरुजु हुने मन्त्रालयको क्रममा रहेको छ।

३.३ यो वर्ष १४१ प्रदेश कार्यालय र १० अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ७५ कार्यालय (४९.६७ प्रतिशत) मा बेरुजु देखिएन ।

३.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४१ को लेखापरीक्षण गरेकोमा ६९ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था ९ मा बेरुजु देखिएको छैन ।

३.५ यो वर्ष १४१ प्रदेश कार्यालयको २ हजार ३५ दफा बेरुजु देखिएकोमा ८८९ दफा सैद्धान्तिक र ११४६ दफा लगती बेरुजु कायम भएको छ ।

३.६ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.५४ करोड ७९ लाख १६ हजार बाँकी रहेकोमा यो वर्ष रु.१८ करोड ८४ लाख १० हजार फर्स्यौंट भई रु.३५ करोड ९५ लाख ६ हजार बाँकी रहेकोमा यस वर्ष रु.१८ करोड ६४ लाख २८ थप भई रु. ५४ करोड ५९ लाख ३३ हजार बाँकी रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

३.७ सरकारी कार्यालय तथा समिति एवं अन्य संस्था समेतबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रु.२२ लाख ४१ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.७

लाख ८६ हजार र सम्परीक्षणको क्रममा रु.५ करोड २५ लाख ९२ हजार समेत रु.५ करोड ५६ लाख १९ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

३.८ सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ १६ निकायको रु.२० लाख ४६ हजार अग्रिम कर कट्टी नगरेको व्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.९ प्रदेश कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु रकम	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२३७८५२	१७७	०.०७	१७७	०.०७
दोस्रो २०७७	१९००४९४४	५१६९९३	२.७२	२८७६५०	१.५१
तेस्रो २०७८	२३४३९५६०	८३४७८१	३.५६	६८६६३८	२.९३
चौथो २०७९	३१०८९०३६	१६०१८०९	५.१५	१४१५३८०	४.५५

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

१. **लेखापरीक्षण बक्यौता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ र ३४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र लेखा र आर्थिक विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, उद्योग तथा उपभोक्ता हित कार्यालय, जुम्ला, प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद, सुर्खेत र जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमको यो वर्ष विनियोजन, राजस्व र धरौटी समेत रु.२७ करोड १७ लाख ३४ हजारको लेखापरीक्षण हुन सकेको छैन । कानुन बमोजिम लेखा पेस गरी लेखापरीक्षण गराउनुपर्दछ । यस सम्बन्धी व्यहोरा **अनुसूची-२(क)** मा उल्लेख छ ।

२. **कानुन निर्माण -** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार गत वर्षसम्म ३६ ऐन, २ गठन आदेश, ७ कार्यविधि पारित भएको छ भने ३ कार्यविधि र १ गठन आदेश स्वीकृत भएको छैन । प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रदेशका मन्त्रालयले सम्पादन गर्ने कार्य व्यवस्थित गर्ने कानुन तर्जुमा भइसकेको छैन। उदाहरणको लागि प्रदेशस्तरीय मानव संसाधनको विकास, जलचर संरक्षण, कृषि व्यवसाय प्रवर्द्धन, प्रदेश प्रसारण, गरिबी निवारण, प्रदेशस्तरीय कार्यालयको भौतिक व्यवस्थापन लगायतका क्षेत्रमा कानुन निर्माण हुन बाँकी रहेको छ । प्रदेश सरकारको सेवा प्रवाह व्यवस्थित गर्न आवश्यक पर्ने कानुन यथाशीघ्र निर्माण गर्नुपर्दछ।

३. **संगठन र कर्मचारी व्यवस्थापन -** प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहत १९१ संगठन संरचना र २ हजार ८४८ दरबन्दी स्वीकृत भएकोमा प्रदेश निजामती किताब खाना स्थापना नभएकोले यी पद दर्ता भएका छैनन् । कानुन निर्माणमा ढिलाई लगायतका कारणले उल्लेखित दरबन्दीमध्ये १ हजार ७५९ पदपूर्ति भै १०८९ रिक्त छन । रिक्त दरबन्दी पदपूर्ति गरी सेवाप्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफ्नो र मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी,प्रभावकारी र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाई प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ ।प्रदेश मातहत अधिकांश निकायको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, घरजग्गाको लगत नराखेको, मध्यकालिन खर्च संरचना तयार नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था कमजोर रहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको लगायतका व्यहोरा देखिएका छन् । ऐन नियमले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **ऐन नियमको पालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार सार्वजनिक निकायले सार्वजनिक खरिद कार्य व्यवस्थित गर्न गर्नुपर्ने काम मध्ये खरिद कार्यमा खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नवनाउने, कम अवधिको जमानत

लिने, छनोट भएको बोलपत्रदाता सम्झौता गर्न नआएको अवस्थामा कालोसूचिमा राख्न नपठाउने, परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा ५० प्रतिशत पेस्की दिनुपर्नेमा पूरै पेस्की दिने, भेरियसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता बमोजिम काम शुरु नगर्ने, बीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असूल नगर्ने, निर्माण स्थलको तयारी बेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ ।

यसैगरी नर्म्स बेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नुपर्ने काम टुक्रा पारी सोझै खरिद वा निर्माण गर्ने, उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढी लागत अनुमानको काम गराउने, उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, समयमा पेस्की फर्स्यौंट नगर्ने, कार्य स्वीकार प्रतिवेदन तयार नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने तथा ५० तथा ३० प्रतिशत मूल्य अभिबृद्धि कर कट्टा नगरी पूरै भुक्तानी दिने गरेको देखियो । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

६. **अधुरा ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र खरिद नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्नसक्ने र त्यसरी सम्झौता अन्त्य भएमा पेस्की र कार्यसम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचिमा राख्न लेखी पठाउने व्यवस्थाहरू छन् । पूर्वाधार विकास निर्देशनालय सुर्खेतको ४७ योजनाको रु.१ अर्ब ३ करोड ४ लाख ७ हजार र खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय जाजरकोटको रु.१२ करोड २० लाख ७० हजारका ठेक्का तोकिएको समयमा सम्पन्न हुन नसकी अधुरा रहेका छन् । कानूनी व्यवस्थाको कार्यान्वयन गरी अधुरा ठेक्काहरूको काम पूरा गर्नुपर्दछ।

७. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा गर्नु पर्ने व्यवस्था छ । वार्षिक खरिद योजना अनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा प्रदेश मन्त्रालयहरूले नर्म्स बेगर लागत अनुमान बनाएको, खरिद कार्य विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने पुष्ट्याई पेस नगरी परामर्श सेवा लिएको र टुक्राटुक्रा खरिद गरी प्रतिस्पर्धी तथा मितव्ययी समेत नबनाएको अवस्था छ । प्रदेशका १० निकायले योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रु.१० करोड ८७ लाख २६ हजार भुक्तानी गरेकोमा नर्म्स बेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखियो । नर्म्स तर्जुमा गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

७.१ **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनामा तोकिएको जनसहभागिता गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार उपभोक्ता समितिले रकम प्राप्त गर्ने र जनसहभागिता स्वरुप गर्ने काम सम्झौताबाटै छुट्ट्याइ गरेको कामको नापजाँच पनि अलग अलग गर्नु पर्नेमा सो

अनुसार नगरी कामको एकमुष्ट मूल्याङ्कनबाट जनसहभागिताको रकम घटाएर भुक्तानी दिएको छ । यसबाट वास्तविक रुपमा जनसहभागिता भए नभएको सुनिश्चित गर्न सकिंदैन । उदाहरणको लागि पूर्वाधार, खानेपानी, वन र कृषि सम्बन्धी ४ कार्यालयका ४० योजनामा रु.७४ लाख ५२ हजारको कम रकमको जनसहभागिता भएको छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिताको योगदान हुनु पर्दछ ।

७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार उपभोक्ता समितिबाट निर्मित योजना मर्मत सम्भार र संचालनको लागि सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत यस वर्ष निर्माण सम्पन्न भएका सिंचाइ खानेपानी तथा सडक लगायत निर्माण भएका योजनाको हस्तान्तरण भएको छैन । नियमको पालना गरी विकास कार्यमा उपभोक्ताको योगदान र सहभागिता वृद्धि हुनुपर्दछ ।

८. **गुणस्तर परीक्षण तथा नियन्त्रण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेका खानेपानी, सिँचाइ तथा उर्जा निर्देशनालय सुर्खेतले मात्र उपभोक्ता समिति मार्फत यो वर्ष निर्माण कार्यमा रु.२२ करोड ५६ लाख खर्च गरेका छन् । खर्चको गुणस्तर परीक्षण तथा नियन्त्रण सम्बन्धमा निम्न व्यहोराहरू देखिएका छन् :

८.१ निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामग्रीहरू गिट्टी, ढुंगा, बालुवा, फलामे डण्डी, माटो, सिमेन्ट, पाइप, इट्टा, कंक्रिट, जि.आई तार आदिको परीक्षणको लागि जनशक्ति सहितको प्रयोगशाला आवश्यकता पर्दछ। तर सडक तथा पूर्वाधार निर्माण गर्ने कार्यालयमा प्रयोगशाला स्थापना भएको छैन। पूर्वाधारजन्य कार्यसम्पादन गर्ने कार्यालयमा प्रयोगशाला नभएको अवस्थामा संघीयस्तरका अन्य कार्यालयमा रहेका प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउन सकिनेमा यस्तो अभ्यास गरेका छैनन् ।

८.२ निर्माण व्यवसायीलाई स्पेसिफिकेसन अनुसारको गुणस्तर आश्वस्तता योजना पेस गर्न लगाई त्यस अनुसार गुणस्तर परीक्षण गराउने प्राविधिक मापदण्ड रहेकोमा सो अनुसार पेस गराएको छैन ।

८.३ निर्माणको लागि गिट्टी, ढुंगा, बालुवा प्राप्त गर्न निर्माण सामग्री उत्खनन् गर्ने स्थान तोकी गुणस्तरीय देखिएका निर्माण सामग्री प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेमा स्थान तोक्ने गरेको छैन । उपभोक्ता समिति वा निर्माण व्यवसायीले जुनसुकै स्थानको सामग्री प्रयोग गर्दा गुणस्तर नियन्त्रण हुन सक्दैन । स्थान तोकी निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी प्रयोगमा ल्याउनु पर्दछ ।

८.४ केही पूर्वाधार विकास कार्यालय र खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयले आंशिक रुपमा गुणस्तर परीक्षण गराउने गरेका छन् । आंशिक रुपमै गरिएका गुणस्तर परीक्षणमा निर्माण कार्यमा प्रयोग हुने नमूना प्रयोग गर्नुपर्नेमा खुल्ला नमूना प्रयोग गर्ने गरेकोले गुणस्तर परीक्षण विश्वसनीय हुन सकेको छैन । गुणस्तर परीक्षण तथा नियन्त्रणबाटै दिगो विकास सुनिश्चित हुने भएकोले निर्माण कार्यमा गुणस्तर परीक्षणलाई प्राथमिकता प्रदान गर्नुपर्दछ ।

९. **कार्यक्रम कार्यान्वयन -** आवधिक योजना ढिलो गरी स्वीकृत भएकाले प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्य र आवधिक योजनाबीच तालमेल कायम हुन नसकेको, मध्यमकालीन खर्च संरचनाको आधारमा बजेट तर्जुमा भए पनि योजनाको प्राथमिकिकरण हुन नसकेको, इन्जिनियरिङ्ग

कम्पनी स्थापना र सञ्चालन गर्ने उल्लेख भए पनि सो कार्य नभएको, कर्णाली लगानी सम्मेलन नभएको, कर्णाली पूर्वाधार विकास लगानी कोष खडा नभएको, परियोजना बैंक तयार नभएको, प्रदेशका हिमाली जिल्लाका लागि आर्थिक वर्षको समाप्ती पश्चात ६ महिना बजेट फ्रिज नहुने व्यवस्था कार्यान्वयन नगरेको, बजेट कार्यान्वयन कार्यतालीका र खरिद योजना स्वीकृत गराई भाद्र मसान्तभीत्र खरिद प्रकृया शुरु नगरेको, सामाजिक सुरक्षा कार्यक्रममा सबै कर्णालीबासी समेटिने, दोहोरोपना र दुरुपयोग हुन नदिने गरी कार्यक्रम सञ्चालन एवं कम्प्युटरकृत सयन्त्र स्थापित नगरेको र स्थानीय तहमा जाने अनुदान प्रभावकारी बनाउन नीतिगत र संरचनागत व्यवस्था गर्ने उल्लेख भएकोमा गरेको देखिएन । बजेटको प्रभावकारिता अभिवृद्धि गर्न बजेटमा समावेश कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१०. **भैपरी शीर्षकबाट खर्च -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को १६(२) मा विनियोजन ऐनले छुटयाएको रकम एक पटक बाँडफाँट गरीसकेपछी पटक पटक बाँडफाँट गर्न नपाइने उल्लेख छ। शुरु बजेटमा कार्यक्रम नखोली भैपरी आउने चालु र पुँजीगत शीर्षकमा रु.५१ करोड ६३ लाख ८ हजार विनियोजन गरेको छ । उक्त रकम कुल बजेटको १.५३ प्रतिशत हुने देखियो । कार्यक्रम नखोली भैपरी बजेट राख्नु उपयुक्त देखिएन ।

११. **राजस्व परिचालन -** प्रदेश सरकारको गत वर्ष राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको रु.७ अर्ब ७२ करोड २७ लाख प्रक्षेपण गरेकोमा आ.व. २०७७।७८ मा लक्ष्य घटाई रु.७ अर्ब ३९ करोड ५६ लाख कायम गरेको छ । रु.७ अर्ब ६९ करोड ६२ लाख ५३ हजार राजस्व प्राप्तिको अनुमान गरेकोमा रु.६ अर्ब ९१ करोड ८ लाख ३९ हजार अर्थात ८९.७९ प्रतिशत प्राप्त भएको छ । राजस्वको लक्ष्य र असुलीको अन्तर कम गर्नुपर्दछ ।

१२. **कर तथा शुल्क -** प्रदेशले बनाएको कानुन बमोजिम अधिकार क्षेत्रभित्रका विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने समेत व्यवस्था छ । प्रदेशले घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दण्ड जरिवाना लगायतका कर तथा शुल्क कानुन बनाई असुल गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ । आर्थिक बर्ष २०७७।७८ मा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको भएतापनि सबै क्षेत्रको राजस्वको प्रक्षेपणको आधार नखुलाएकोले प्रक्षेपणको २१२.७० प्रतिशत अर्थात रु.६३ करोड ९४ लाख ९२ हजार असुली देखाएतापनि प्राकृतिक स्रोतको परिचालनका दृष्टिले थप राजस्व परिचालन गर्नसक्ने अवस्था विश्लेषण भएको छैन । प्रदेश सरकारले तथ्याङ्कमा आधारित विश्लेषण मार्फत राजस्व प्रक्षेपण एवं सोही अनुसार असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३. **विशेष तथा सशर्त अनुदान -** संघीय सरकारको सशर्त र विशेष अनुदान वापत प्राप्त गरेको रकमबाट खर्च पश्चात बाँकी हिसाव फिर्ता पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष संघीय सरकारबाट सशर्त अनुदानमा रु.४ अर्ब ३१ करोड ८४ लाख ८३ हजार र विशेष अनुदान तर्फ रु.४४ करोड प्राप्त गरेकोमा विशेष अनुदान तर्फ रु.१९ करोड ६४ लाख खर्च भएको र सशर्त अनुदान तर्फ रु.३ अर्ब ३० करोड २२ लाख ३३ हजार खर्च भएको हिसाव पश्चात बाँकी रहेको रु.१ अर्ब ६८ करोड ४० लाख ९३ हजार प्रदेश सञ्चितकोषबाट संघीय सञ्चितकोषमा २०७९/१/८ मा दाखिला गरेको छ ।

१४. **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम १ बमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लिखित कुराहरू समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। सोही नियमको उपनियम ५ मा चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यस नियमावली बमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । खरिद योजना नबनाएको सम्बन्धमा गत आर्थिक वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यस बर्ष पनि सुधार गरेको देखिएन।

१५. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई खरिद गर्नुपर्दछ । सचिवालय र मन्त्रालय मातहत समेत ४ निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद नगरी रु.५ करोड ५६ लाख ८४ हजारको सामान सोझै खरिद गरेका छन् । कानुनको परिपालना गरी खरिद कारवाहीलाइ मितव्ययी र प्रतिस्पर्धी बनाउनु पर्दछ ।

१६. **कार्य सञ्चालनस्तरको कार्य -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, कार्यक्रम तथा बजेट तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरू बीच समन्वय, केन्द्रीय लेखा तयारी, प्रगति प्रतिवेदनको मूल्यांकन, मातहत कार्यालयबाट संचालित कामको अनुगमन, वित्तीय प्रतिवेदन जारी लगायत हुने उल्लेख छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले संघीय प्रहरी कार्यालयको भवन निर्माण तथा उपकरण खरिद गरेको, उद्योग, पर्यटन, वन मन्त्रालयले उद्योग स्थापना सम्बन्धी १२ टुक्रामा अध्ययन गराई परामर्श खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको निकायले विषयगत कार्यालयबाट सम्पादन गरिनुपर्ने कार्य गरेको उपयुक्त देखिएन ।

१७. **कार्य सम्पादन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९१ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएका विषयहरू राखी बार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार नगरेकोले लेखापरीक्षण रकम, जम्मा बेरूजु एवं फर्स्यौंट रकम, जिन्सीको अवस्था आदि यकिन गर्न सक्ने अवस्था रहेन । मन्त्रालयले प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१८. **वित्तिय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविध ऐन, २०७४ को दफा ४१ देखि ४५ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयहरूले जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख अद्यावधिक गरेका छैनन् । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय, प्रमुख मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था

अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

१९. **लेखा नीति र टिप्पणी -** प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्नेगरी वित्तीय विवरणको तयारी गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ मा उल्लेख छ । ऐनमा उल्लिखित प्रावधान अनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित लेखा टिप्पणी समेतको विवरण बनाई लेखापरीक्षणमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरण प्राप्त भएता पनि सबै मन्त्रालयले नेपाल सार्वजनिक क्षेत्रको लेखामान बमोजिम वित्तीय विवरण पेस गरेका छैनन् ।

२०. **मध्यमकालिन खर्च संरचना -** प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियम १९ मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो खर्च संरचना बनाउँदा आवधिक योजनालाई मार्ग निर्देशनको रुपमा लिने उल्लेख छ। मन्त्रालयले तोकिए बमोजिम मध्यमकालिन खर्च संरचना तयार गरेको छैन ।

२१. **संघीय निकायलाई बजेट -** नेपालको संविधानले एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरेकोमा सोही व्यवस्था अनुसार प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्ने व्यवस्था छ । प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय १५ तथा स्थानीयमा ७९ निकाय (जिल्ला प्रहरी कार्यालय, जिल्ला समन्वय समिति समेत) का कार्यक्रमका लागि चालुतर्फ रु.४३ लाख २६ हजार र पुँजीगततर्फ रु.४६ करोड ६१ लाख ७४ हजार अख्तियारी दिएको छ । प्रदेशबाट संघीय निकायलाई बजेट विनियोजन गर्नुभन्दा आफ्नो अधिकार सूचीभित्र कार्यसम्पादन गर्न नीति तथा कार्यक्रमको व्यवस्था गरी विनियोजन दक्षता (Allocation Efficiency) बढाउनुपर्दछ।

२२. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराई राख्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रण कार्यालयले सबै कार्यालयको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी एकैपटक आन्तरिक लेखापरीक्षण गरेको छ ।प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश अन्तर्गतका १० जिल्ला स्थित ९३ कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.३ करोड ९० लाख २५ हजार, अनियमित रु.१५ करोड ४७ लाख ७२ हजार म्याद नाघेको पेस्की बाँकी रु.७४ करोड ५४ लाख ४० हजार तथा म्याद ननाघेको पेस्की रु २ करोड ७५ लाख २३ हजार हजारसमेत रु.९६ करोड ६७ लाख ६० हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म नियमानुसार असुल तथा फस्यौंट गरी सम्परीक्षण भएको देखिएन । कानुनमा भएको व्यवस्था परिपालना गरी आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुहरू समयमै असुल फस्यौंट गर्नुपर्दछ ।

२३. **कोभिड-१९ को खर्च -** प्रदेश सरकारले कोभिड-१९ को ब्यवस्थापन औषधी उपचार लगायतमा सम्पादित कार्यको अवस्था निम्न अनुसार छन्:

२३.१ **कोष तथा बजेट परिचालन -** कर्णाली प्रदेश अन्तर्गतका विभिन्न निकायलाई कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि प्रदेश सरकारवाट रु.२६ करोड ४५ लाख, विभिन्न व्यक्ति तथा संघसंस्थाबाट प्राप्त सहयोग रु.३ करोड ७४ लाख ९७ हजार र कार्यालय तथा व्यक्तिबाट फिर्ता रु.१ करोड २० लाख ४२ हजार समेत रु.३१ करोड ४० लाख ३९ हजार प्राप्त भएकोमा स्थानीय निकाय ७९, जिल्ला विपद् व्यवस्थापन समिति १० जिल्लाका २८ कार्यालय र कोभिडको कारण मृत्यू भएका १० मृतकलाई राहत समेत रु.२९ करोड १६ लाख ८ हजार खर्च भै रु.२ करोड २४ लाख ३० हजार मौज्जात रहेको विवरण प्राप्त भएको छ । त्यस्तै प्रदेश सरकारले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुर्खेतमा स्थापना गरेको विपद् व्यवस्थापनको कोषमा गत वर्षको मौज्दात रु.३ करोड ७८ लाख ९३ हजार रहेकोमा यो वर्ष रु.४ करोड ७२ लाख आम्दानी समेत रु.८ करोड ५० लाख ९३ हजार आम्दानी भएकोमा रु.३ करोड ३७ लाख ५७ हजार खर्च भई रु.५ करोड १३ लाख ३६ हजार मौज्दात रहेको छ ।

२३.२ **जोखिम आंकलन र पूर्व तयारी -** कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिको बैठकबाट कोभिड-१९ महामारीको प्रभाव कम गर्न विमानस्थल र स्थलमार्गका नाकाहरूमा उच्च सतर्कता अपनाई परीक्षण पश्चात् नाकाबाट प्रदेश प्रवेश गर्ने व्यवस्था गरेको, सम्भावित जोखिमलाई ध्यानमा राखी प्रदेशका लागि आवश्यक खाद्यान्न, औषधि लगायतका वस्तुको आपूर्ति सहज गर्ने, प्रवेश नाकामा नेपाल प्रहरीको अस्थायी पोष्ट खडा गर्ने, स्वास्थ्य सचेतना सम्बन्धी जनहितको सूचना तथा सामग्री प्रदेशभित्रका सबै एफ.एम. रेडियो, टिभी च्यानल तथा छापा माध्यम मार्फत प्रसारण गर्ने, विभिन्न स्थानमा क्वारेन्टिन स्थापना गर्ने लगायतका पूर्वतयारीका कार्य गरेको छ । भारत लगायत विदेश तथा अन्य स्थानबाट आई बबई, छिन्चु, सुब्वा कुना लगायतका स्थानमा अलपत्र नागरिकलाई क्वारेन्टिन, खाना र शुद्ध खानेपानीको व्यवस्था गर्ने पूर्वतयारी गरेको भए तापनि पर्याप्त बजेट विनियोजन नगरेका कारण नागरिकलाई अपेक्षित सेवा दिन सकेको देखिएन ।

२३.३ **समन्वय तथा अनुगमन -** कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचार कार्यमा समन्वय र सहजीकरण गर्न प्रमुख सचिवको संयोजकत्वमा ४ सदस्यीय संकट व्यवस्थापन कार्यकारी समिति गठन गरेको छ । समितिले कोभिड-१९ को प्रदेशस्तरीय एकीकृत सूचना प्रणाली तयारी गरी समन्वय कायम गर्ने निर्णय गरे तापनि कार्यान्वयनमा आएको छैन। महामारी नियन्त्रणको कार्य संघ, प्रदेश र स्थानीय तहले समान रुपमा संञ्चालन गरेकोमा क्षेत्राधिकार स्पष्ट नभएको, एउटै प्रकृतिका खर्चहरू सबै तहले गर्ने गरेको, एक अर्कोले गरेको कामको अनुगमन गर्ने व्यवस्था नभएको जस्ता कमजोरी देखियो । समन्वय एवं अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

२३.४ **बजेट खर्च -** प्रदेश लेखा इकाई, सुर्खेतबाट प्राप्त विवरण अनुसार १० जिल्ला स्वास्थ्य सेवा कार्यालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनाल, प्रदेश अस्पताल, मेहेलकुना अस्पताल, प्रदेश आयूर्वेद औषधालय र मानव संसाधन केन्द्र समेत १६ कार्यालयले चालु र पुँजीगतमा समेत गरी रु.५२ करोड १५ लाख ८३ हजार खर्च गरेका छन् । प्रदेश अस्पताल, सुर्खेतले मात्र जोखिम भत्तामा रु.३८ लाख ६१ हजार, औषधिमा रु.३ करोड ७७ लाख, मेशिनरी उपकरणमा रु.८ करोड ६३ लाख ९८ हजार र भवन निर्माणमा रु.२ करोड १९ लाख खर्च गरेको छ ।

२३.५ आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कोभिड १९ रोकथाम तथा उपचार सम्बन्धी विभिन्न कार्य गर्ने र सोको लेखा राख्ने तथा लेखापरीक्षण गराउने गरी चेक मार्फत सशस्त्र प्रहरी गण र गुल्म ११

लाई रु.५ लाखको दरले रु.५५ लाख, १० जिल्ला प्रहरी कार्यालयलाई रु.५ लाखका दरले रु.५० लाख र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई रु.५० लाख गरी २२ कार्यालयलाई रु.१ करोड ५५ लाख निकासा दिएको छ । उक्त रकम सम्बन्धित निकायले विविध खातामा आम्दानी गरी खर्च गरेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी लेखापरीक्षण गराएको सुनिश्चित गर्नुपर्दछ ।

२३.६ **क्वारेन्टाइन र आईसोलेसन -** कोभिड-१९ सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ को बुँदा नं. २ मा क्वारेन्टाइनमा बस्ने व्यक्तिलाई प्रतिदिन प्रति व्यक्ति सोही जिल्लामा रहेको प्रहरी कर्मचारीका लागि निर्धारित दररेटले हुने खाना खर्च उपलव्ध गराउने व्यवस्था छ । स्वास्थ्य सेवा कार्यालय, सल्यानले विभिन्न क्वारेन्टाइन केन्द्र तथा आइसोलेसन केन्द्रमा कोभिड कार्यक्रम खर्च वापत रु.१ करोड ३३ लाख ८२ हजार खर्च लेखेको छ । उक्त क्वारेन्टाइमा दैनिक रहेका र थप आएका व्यक्तिको संख्या देखिने गरी प्रमाणित विवरण पेस नभएकोले खर्च यकिन गर्न सक्ने अवस्था छैन । यसैगरी प्रचलित दररेट र संख्याको आधार नलिई एक सप्लायर्सलाई रु.१४ लाख ८० हजार भुक्तानी गरेकोमा कोभिड प्रभावित कार्यक्रममा खर्च गरेको प्रमाण पेस गर्नुपर्दछ ।

२३.७ प्रदेश अस्पताल, सुर्खेतले कोभिड-१९ रोकथाम तथा नियन्त्रण र व्यवस्थापनको लागि प्रदेश सञ्चित कोषबाट रु.१६ करोड ७२ लाख ६१ हजार र संघीय सञ्चित कोषवाट रु.२ करोड ४४ लाख २९ हजार समेत जम्मा रु.१९ करोड १६ लाख ९० हजार आम्दानी गरेको छ । जनशक्ति परिचालनमा रु.७७ लाख ६५ हजार, औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिदमा रु.१० करोड ९१ लाख ९२ हजार, स्वास्थ्य पूर्वाधार निर्माणमा रु.२ करोड ५३ लाख ५ हजार, अन्य शीर्षकमा रु.७२ लाख २२ हजार, जोखिम भत्ता बितरणमा रु.९२ लाख १२ हजार, आइसोलेशन सेन्टरमा रहेका संक्रमित तथा त्यहाँ खटिने जनशक्तिका लागि आवास, खाना, खाजा तथा पिउनेपानी व्यवस्थापनमा रु.१ करोड ७४ लाख १५ हजार र बजेट फ्रिज रु.१ करोड ५५ लाख ७८ हजार भई रु.१७ करोड ६१ लाख १२ हजार खर्च गरेको विवरण पेस गरेको छ । कोभिड १९ को लागि विनियोजन भएको बजेटवाट अन्य शीर्षकमा समेत रु.७२ लाख २२ हजार खर्च लेखेको सम्वन्धमा समेत पुष्टयाई पेस हुनुपर्दछ ।

२३.८ **होटल खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(८) मा रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । प्रदेश अस्पताल, सुर्खेतले कोरोना महामारी नियन्त्रण तथा उपचारमा सलंग्न स्वास्थयकर्मीलाई होटल बास तथा खाना खर्च तथा विरामीलाई खाना बापत ४ होटल व्यवसायीलाई रु.१ करोड ६९ लाख १६ हजार भुक्तानी गरेको देखिन्छ । महामारीको समयमा कर्मचारी एवं स्वास्थ्यकर्मीलाई प्रदान गर्ने आवास तथा खानाको मापदण्ड तोकेको छैन । खाना तथा आवासको मापदण्ड तोकेर मात्र खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ।

२३.९ **अक्सिजन प्लाण्ट जडान -** प्रदेश अस्पताल. सुर्खेतले रु.२ करोड ६८ लाख १८ हजारमा अक्सिजन प्लाण्ट जडान गरी सञ्चालनमा ल्याएको छ । नगरपालिका (वीरेन्द्रनगर) ले समेत आफ्नो र दाताको स्रोतबाट रु.१ करोड २२ लाख मूल्यको अर्को अक्सिजन प्लाण्ट नगरपालिकाको अस्पतालमा जडान गरेको छ । कोभिडको बिरामीको अवस्थाबाट यी २ अक्सिजन प्लाण्टको पूर्ण उपयोग भएको छैन। यस प्रकार आवश्यकता नै पहिचान नगरी स्वास्थ्य सेवा विभागले रु.२ करोड ९२ लाख ६२ हजार को प्लाण्ट, जेनेरेटर लगायतका अतिरिक्त संरचना यू.एन.ओ.पी.एस. मार्फत खरिद गरेको देखियो ।

आपतकालिन अवस्थाको लागि २०७८ आषाढमा आवश्यक भएको उल्लेख गरेको अक्सिजन प्लाण्ट २०७८ माघसम्म पनि जडान भएको छैन । विरामीको चाप र अस्पतालको आवश्यकता बेगर खर्च गरेको हुँदा औचित्यपूर्ण छैन । यस सम्बन्धमा थप छानविन गरी आवश्यकताको आधारमा उपकरण जडान गर्नुपर्दछ ।

२३.१० **प्रयोगशाला स्थापना र सञ्चालन -** प्रदेश अस्पताल, सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, दैलेख, चौरजहारी र दुल्लु अस्पतालमा गतबर्ष पिसिआर मेसिन खरिद गरी आरडीटी र पिसिआर विधिबाट कोभिड-१९ को परीक्षण भैरहेको छ । प्रदेशको भूगोल, यातायात र सबै जिल्लामा प्रयोगशाला परीक्षणको सुविधा नभएकोले अझै पनि सबै जनताको पहुँचमा यो सेवा पुग्न सकेको छैन ।

२३.११ **कोभिड अस्पताल -** प्रदेश अस्पताल, सुर्खेतले कोभिड-१९ उपचारको अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलब्ध गराएको छ । २०७८ आषाढ मसान्तसम्म ८४४ बिरामी भर्ना गरी उपचार सेवा प्रदान गरेको छ । अस्पतालमा कुल २५० शैयामध्ये कोभिड तर्फ सामान्य बेड ६५, एच.डि.यू. ३५ र आईसीयू ३० छुट्याएको छ । अस्पतालमा १० भेन्टिलेटर, २ एम्बुलेन्स रहेको अवस्था देखियो । अस्पतालमा प्रोटोकल अनुसार कोभिड र नन्-कोभिड बिरामीहरूलाई बेग्ला बेग्लै भवन व्यवस्था गरी उपचार गर्नुपर्नेमा एउटै भवनमा उपचार गरेको पाईयो । अस्पतालमा चिकित्सक ७८, नर्स १२४ र पारामेडिक्स १२ सहित २१४ दरबन्दी रहेकोमा १५७ दरवन्दी रिक्त रहेको छ भने उपचारको लागि आवश्यक भीटीएम र सुरक्षा सामग्री पर्याप्त देखिएन । जनशक्ति र उपकरणको अभावमा उपचार सेवा प्रभावित भएको देखिँदा सेवा प्रवाह प्रभावकारी बनाउन उपकरण व्यवस्था एंव स्वास्थ्यकर्मीको पदपूर्ति हुनुपर्दछ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभाको स्थापना भएको छ । प्रदेशमा पहिलो हुने निर्वाचनवाट निर्वाचित २४ र समानुपातिकबाट १६ गरी जम्मा ४० सदस्य भएको प्रदेश सभा गठन भएको छ। प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ ।

यो वर्ष विनियोजन रु.१० करोड ५६ लाख ६७ हजार, राजस्व रु.१५ लाख ३१ हजार र अन्य कारोवार रु.१ लाख ७५ हजार समेत रु.१० करोड ७३ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कानुन निर्माण -** सभाको प्रमुख कार्य सरकार निर्माणको अतिरिक्त प्रादेशिक कानुन वनाउने, सरकारको काम कारवाहीको निगरानी गर्ने र प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्ने रहेको छ। प्रदेश सभाले संविधानको अनुसुची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा पनि कानुन बनाउनुपर्ने हुन्छ। प्रदेश सभा गठन पश्चात सभामा २०७८/०३/३१ सम्म ५८ विधेयक दर्ता भएकोमा ३६ विधेयक प्रमाणीकरण भएको, ८ विधेयक फिर्ता पठाएको र १४ विधेयक विचाराधिन रहेको छ। एकल र साझा अधिकारका सबै विषयमा कानुन बनाई प्रदेश सरकारले सम्पादन गरेको कार्यको कार्यान्वयन अवस्था प्रदेश सभा/संसदीय समितिमा छलफल गरी निर्देशन दिनुपर्दछ ।

२. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेस भएका बिषयलाई बजेटमा समावेस गर्नुपर्नेमा सबै विषय बजेटमा समावेस गरेको छैन । प्रदेश सरकारले संचालन गरेका योजनाको अनुगमन प्रदेश सभाको योजना अनुगमन समितिवाट गर्ने र प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उल्लेख भएकोमा बजेट वक्तव्यमा सो सम्वन्धमा केही उल्लेख नगर्नुका साथै बजेटको व्यवस्था गरेको छैन। बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **चाडपर्व खर्च र सुविधा -** कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची २ मा स्वकीय सचिवालयका कर्मचारीले सुरु तलव मात्र पाउने व्यवस्था छ । ऐनमा भएको व्यवस्था वेगर प्रदेश सभाका पदाधिकारी तथा सदस्यको स्वकीय सचिवालयका ३२ कर्मचारीलाई चाडपर्व खर्च वापत एक महिना बराबरको तलब रकम रु.९ लाख १ हजार खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ।

४. **सवारी साधन खरिद-** कर्णाली प्रदेश मन्त्रीपरिषदवाट मिति २०७५।२।२० गते प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को अधिनमा रही सार्वजनिक खर्चलाई नियमित, व्यवस्थित, मितव्ययी, प्रभावकारी, जवाफदेही, पारदर्शी बनाउनका लागि कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ जारी भएको थियो । उक्त मापदण्डमा सभामुखलाई बढीमा रु.७० लाखसम्मको सवारी साधन खरिद गर्न सक्ने व्यवस्था रहेकोमा मन्त्रिपरिषदबाट २०७५।८।२९ मा निर्देशिका पहिलो संसोधन गर्दा

सवारी साधनको अधिकतम सीमाको मापदण्ड नै हटाएको देखियो । प्रदेश सभाले सभामुखको प्रयोजनको लागि आवश्यक सवारी साधन रु.१ करोड ७२ लाखमा २०७६।११।१३ मा खरिद गरी २०७७।८।३० मा अर्थात ९ महिना पछि रकम भुक्तानी दिएको छ । आवश्यकताको आधारमा संशोधित मापदण्ड अनुसार खरिद गरेको उल्लेख गरेपनि मापदण्डको प्रस्तावनालाई ध्यानमा राखी खरिद कार्य भएको नदेखिँदा यस्ता विषयमा सुधार हुनुपर्दछ ।

५. **संसदीय समिति** - प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ मा ४ समिति रहेका छन् । हालसम्म सामाजिक विकास समितिको ९१, अर्थ तथा प्राकृतिक स्रोत समितिको ७४, सार्वजनिक लेखा समितिको ५८ र प्रदेश मामिला तथा विधायन समितिको ३७ समेत गरी २६० पटक बैठक वसी सरकारका गतिविधिमा निगरानी एवम् निर्देशन दिएको उल्लेख गरे पनि समितिले सम्पादन गरेको काम, सरकारलाई दिएको निर्देशन र सोको कार्यान्वयन अवस्थाको अभिलेखीकरण गरी प्रतिवेदन प्रकाशन गरेको छैन । महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गर्नु भएको गत २ आर्थिक वर्षको कर्णाली प्रदेशको लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पनि प्रदेश सभामा टेबुल भएको छैन । समितिले दिएको निर्देशन कार्यान्वयन अवस्था अनुगमन गरी सम्पादित कार्यको सम्बन्धमा सरोकारवालालाई सुसूचित गराउनुपर्दछ । सरकारलाई सभाप्रति उत्तरदायी बनाउने व्यवस्था मिलाउनुपर्दछ ।

- **बेरुजुको स्थिति** - सचिवालयको रु.९ लाख १ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट हुन नसकी सोही रकम नै बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्य क्षेत्रमा प्रदेश को शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेस हुने नियम आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने कार्य रहेका छन्।

यो वर्ष कार्यालय समेत ३ निकायको विनियोजन रु.४ अर्व ४७ करोड ९ लाख ३३ हजार, राजस्व रु.२ लाख ११ हजार, धरौटी रु.५ लाख ४८ हजार र अन्य कारोबार रु.६ करोड १ लाख ८३ हजार समेत जम्मा रु.४ अर्व ५३ करोड १८ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र संचालन तथा स्थानीय तहसँगको सम्पर्क र समन्वय लगायतका २३ बुँदामा कार्य जिम्मेवारी तोकिएको छ। प्रदेश मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन र अनुगमन, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन, प्रदेशस्तरीय मानव संशाधन विकास, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा संचालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन, प्रदेशस्तरका आयोग तथा निकायको गठन एवं संचालन र पदाधिकारीको नियुक्ति एवं सेवा, सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन लगायतका कार्य पुर्णरूपले सम्पन्न नभएकाले स्रोत साधन व्यवस्थापन गरी जिम्मेवारी अनुरूप कार्य सम्पन्न गर्नुपर्दछ ।

२. **संगठन तथा व्यवस्थापन -** प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहत १९१ संगठन संरचनाका लागि २ हजार ८ सय ४८ दरबन्दी स्वीकृत भएकोमा कार्यालय तथा पद दर्ता भएको छैन । प्रदेश लोक सेवा आयोग गठन र कानुन निर्माणमा ढिलाई लगायतका कारण स्वीकृत दरबन्दीमध्ये १ हजार ७ सय ५९ पदपूर्ति भै १ हजार ८९ रिक्त छन् । अस्पताल र विशिष्ट विषयगत संरचना बाहेक हरेक मन्त्रालयको जिल्ला सदरमुकाममा कम्तिमा १ कार्यालय रहने गरी सेवा प्रवाहको व्यवस्था मिलाएतापनि तह अनुरुपको संगठनात्मक संरचना तयार भैसकेको छैन । पदपुर्ति गरेको मध्ये ६६ जना संघबाट कामकाज र २५५ जना सेवा करारबाट पदपुर्ति गरिएको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

३. **गुरुयोजना -** प्रदेश सरकार स्थापना भएको ४ वर्ष भई सक्दा समेत प्रदेश सरकार मातहत रहने मन्त्रालय र केन्द्रीयस्तर तथा कार्यसञ्चालनस्तरका निकायको अझै टुङ्गो लगाएको छैन । प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरेर प्रदेश राजधानी तथा जिल्लाको लागि आवश्यक जग्गा तथा पूर्वाधारको आंकलन गरी निर्माण एवं व्यवस्थापनको लागि गुरुयोजना समेत बनाएको छैन । प्रदेश सरकार सञ्चालन नियमावली समेत तर्जुमा नगरेकोले पटके निर्णयको आधारमा कार्यसम्पादन गर्ने गरेको छ । प्रदेश सरकारको लागि स्रोत साधन जग्गा व्यवस्थापन एवं पूर्वाधारको गुरुयोजना तर्जुमा गरी सोही अनुसार नीतिगत रुपमा सम्बोधन गरेर कार्यसम्पादन प्रक्रिया अगाडि बढाउनुपर्दछ ।

४. **सेवा प्रवाह मापदण्ड -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सो अनुसार भएको देखिएन। कार्यविधि स्वीकृत गरी सेवा वितरणको मापदण्ड निर्धारण गर्नुपर्दछ ।

५. **भैपरी शीर्षकबाट खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को १६(२) मा विनियोजन ऐनले छुट्याएको रकम एक पटक बाँडफाँट गरी सकेपछि पटक पटक बाँडफाँट गर्न नपाइने उल्लेख छ। यो वर्ष मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि शुरु बजेटमा रु.३ अर्ब २० करोड अर्थात प्रदेश सरकारको कुल विनियोजित बजेटको १२.२३ प्रतिशत भैपरी शीर्षकमा राखेको देखियो । भैपरी बजेटबाट फरक फरक निर्णय गरी मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यन्वायनको लागि ७९ स्थानीय तह र प्रदेशस्तरका जिल्लागत कार्यालयमा अख्तियारी प्रदान गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा प्रदेश र स्थानीय तहबाट भएको एकीकृत खर्च एवं प्रगति विवरण तयार गरी बिश्लेषण गरेको छैन । सम्बन्धित कार्यक्रममा विनियोजन नै नगरी भैपरीबाट निकासा दिएकोले बजेट निर्माण प्रक्रियाको पालना भएको छैन । संसदीय स्वीकृति बेगर भैपरी बजेटमा रकम राखी पटके निकासाको आधारमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६. **मापदण्ड बेगर सुविधा -** प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७५ को दफा १३ मा मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग गर्न प्रदेश सरकारले विज्ञ नियुक्त गर्न सक्ने र नियुक्त विज्ञको संख्या र त्यस्तो विज्ञले पाउने सुविधा प्रदेश सरकारले तोके बमोजिम हुने र मुख्यमन्त्री तथा विभागीय मन्त्रीले मन्त्रिपरिषद्को निर्णय बमोजिम आवश्यकता अनुसार विषयगत सल्लाहकार राख्न सक्ने व्यवस्था छ । विज्ञ नियुक्ति सम्बन्धमा मापदण्ड, निर्देशिका लगायत कानूनी आधार तयार गरी आवश्यकताको पहिचान, शैक्षिक योग्यता प्रेस, राजनीतिक लगायतका सल्लाहकार तथा विज्ञ नियुक्ती गरी तलब, आवास, ईन्धन, संचार र पोशाक सुविधामा रु.२५ लाख ८७ हजार खर्च लेखेको छ । सल्लाहकार विज्ञको नियुक्तिमा कानूनी आधार तयार गर्नुपर्दछ ।

७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन । मुख्यमन्त्री रोजगार तथा उद्यमशीलता आय आर्जन जस्ता कार्यक्रममा ३.५३ प्रतिशत मात्र खर्च गरेको, बेरुजु फर्स्यौंटमा उल्लेखनीय प्रगति नगरेको जस्ता अवस्था देखिएका छन् । यस्तो कार्य प्रदेश मातहत मन्त्रालयमा समेत देखिएकोले जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । नियमानुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालनामा अभिवृद्धि गर्नु गराउनुपर्दछ ।

८. **समन्वय परिषद् -** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तर सम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय परिषद् रहने व्यवस्था छ । उक्त परिषदको २०७७।१२।२८ र २०७७।०३।२५ मा बसेको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पर्क इकाई गठन गर्ने, स्थानीय तह र प्रदेश सरकारबीच यसै इकाई मार्फत सम्पर्क कायम गर्ने, मध्यमकालिन खर्च संरचना र आफ्नो तहको आवधिक योजना र प्रोफाइल समन्वयात्मक रूपमा तयार गरी प्रदेश सरकारमा पठाउने, योजनाले निर्धारण गरेको राष्ट्रिय सोच लक्ष्य र उद्देश्यसँग तादाम्यता कायम गर्ने, स्थानीय तहबाट योजना निर्माणका चरण पूरा गरी तयार भएका योजनालाई समावेश गर्ने, राजस्व संकलन र बजेट खर्चको

विषयमा स्थापित विधिलाई पालन गर्ने लगायतका निर्णय गरेको भएतापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पर्क इकाई गठन गर्ने बाहेकका अन्य निर्णय कार्यान्वयन एवं अनुगमन गरेको देखिएन । परिषदबाट भएका निर्णयको कार्यान्वयन हुनुपर्दछ ।

९. **प्रदेश योजना आयोग** - कर्णाली प्रदेश योजना आयोग आदेश, २०७५ बमोजिम २०७५।८।९ मा प्रदेश योजना आयोग गठन गरेको छ । मुख्यमन्त्री अध्यक्ष रहेको आयोगमा प्रदेश सरकारबाट १ उपाध्यक्ष र २ विज्ञ सदस्यको नियुक्ति भएको छ । कर्णाली प्रदेश सरकारले समृद्ध कर्णाली सुखी कर्णालीवासीको दीर्घकालिन सोच तय गरी प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) तर्जुमा गरेको छ । प्रदेश सरकारले पहिलो प्राथमिकता पूर्वाधार, दोस्रोमा सामाजिक विकास र तेस्रोमा हरित अर्थतन्त्रमा आधारित उत्पादनलाई र अन्य प्राथमिकतामा पर्यटन तथा बातावरण, अनुसन्धान, विज्ञान प्रविधि र नवप्रवर्तन डिजिटल कर्णाली र सुशासनलाई समावेश गरेको छ। उक्त योजना कार्यान्वयनका लागि सूचक निर्धारण गरेको छैन भने लक्षित कार्यक्रम कार्यान्वयन गर्न बजेट व्यवस्था गरेको देखिएन । दीर्घकालिन नीतिका सूचक निर्धारण गरी वार्षिक बजेट तथा कार्यक्रम मार्फत आवद्ध गर्नुपर्दछ ।

१०. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन तथा संस्थागत प्रबन्धका साथै अनुगमन र मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकसँग आवद्ध हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली तयार गर्नुपर्दछ ।

११. **समिति तथा प्रणाली निर्माण** - राष्ट्रिय योजना आयोगको मार्गदर्शन अनुसार प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन ।

प्रदेश सरकारले मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकास लक्ष्यको सांकेतिकरणमा आधारित बजेट तर्जुमा गरेकोमा लक्ष्य नं.१४, लक्ष्य नं.१६ शान्ति, न्यायपूर्ण समाज तथा सुशासन प्रवर्द्धन र लक्ष्य नं.१७ दिगो विकासको लागि साझेदारीमा बजेट विनियोजन गरेको छैन ।

प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा नल्याएकोले अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ ।

१२. **अनुगमन मूल्याङ्कन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गर्नुपर्नेमा कार्यालयले सूचाकङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वनयको अनुगमन र मूल्याङ्कन गरेको छैन ।कानुनको परिपालना हुनुपर्दछ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुममा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, नीजि, सहकारी तथा गैर सरकारी क्षेत्रसँग साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत १८ निकायको विनियोजन रु.१३ करोड ५ लाख ६६ हजार, राजस्व रु.६ अर्ब ४० करोड ३९ लाख ५३ हजार, धरौटी रु.१ करोड ५१ लाख ५० हजार र अन्य कारोबार रु.२ करोड ५ लाख समेत रु.६ अर्ब ५७ करोड १ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएको मुख्य व्यहोरा निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मुल्य स्थिति, सह-वित्तीयकरण, प्रादेशिक वित्तीय सन्तुलन, आवधिक एवम् क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषय कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा ती कार्य प्रभावकारी ढङ्गले गरेको छैन। जिम्मेवारीमा रहेका कार्यहरूको सूची बनाई सोको कार्यतालिका समेत तयार गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२. **समग्र आर्थिक अवस्था -** नेपालको कुल ग्राहस्थ उत्पादनमा प्रदेशको योगदान ४.१ प्रतिशत रहेको छ। यस आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर ३.९ रहेको छ । प्रदेश सरकारको आर्थिक परिसूचक सुधार गर्न न्यूनतम मापदण्ड सहितको विशेष रणनीतिक योजना तर्जुमा गरेको छैन । प्रदेशको आर्थिक परिसूचकमा सुधार ल्याउन वैदेशिक सहयोग प्राप्त गर्ने एवं नीजि तथा वैदेशिक लगानीलाई आकर्षित गराउने कार्य समेत शुरु भएको छैन । संघीय सरकारसँग समन्वय गरी आन्तरिक तथा बाह्य स्रोत जुटाएर प्रदेशको समग्र आर्थिक परिसूचक उकास्ने गरी कार्यसञ्चालन गर्नुपर्दछ ।

३. **रकमान्तर- -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै अनुदान संकेत अन्तर्गतको बजेट उप शीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा वचत हुने रकम मध्येवाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले यो वर्षको कुल बजेट रु.३३ अर्ब ७४ करोड १३ लाख मध्ये २०७७/७८ को असार मसान्त सम्ममा रु.५ अर्ब ७१ करोड १२ लाख रकमान्तर गरेकोमा असार महिनामा मात्र रु.१ अर्ब २ करोड २८ लाख ७८ हजार रकमान्तर गरेको छ। संसदबाट स्वीकृत भएको बजेटबाट वर्षको अन्तिममा पटके निर्णय गरी कार्यक्रम थपघट गर्ने तथा पुष्टयाई बेगर रकमान्तर गरी बजेट थप गर्ने परिपाटी बजेट सिद्धान्त अनुरुप नदेखिएकोले संसदीय निगरानी र आर्थिक अनुशासन पालना नगरी बजेट खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

अर्थ विविध शीर्षकमा चालू खर्चतर्फ रु.१ अर्ब र पुँजीगत खर्चतर्फ रु.५० करोड समेत गरी जम्मा रु.१ अर्ब ५० करोड एकमुष्ठ बजेट विनियोजन गरेकोमा मन्त्रालयले रकमान्तर गरी विभिन्न

मन्त्रालयमा चालूतर्फ रु.८५ करोड ८७ लाख ६७ हजार र पुँजीगततर्फ रु.३४ करोड २६ लाख ३९ हजार गरी जम्मा रु.१ अर्ब २० करोड १४ लाख निकासा गरेको छ । उक्त रकम कुल बजेटको ३.५६ प्रतिशत हुन आउँछ । त्यसैगरी मन्त्रालयले असार महिनामा मात्र रु.३४ करोड ३ लाख ८० हजार अर्थ विविध शीर्षकबाट निकासा गरेको छ। मन्त्रालयमा सुरु बजेट विनियोजन न्यून गरी अर्थ विविधबाट निकासा एवं रकमान्तर गर्दै थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४. **राजस्व प्रक्षेपण तथा असुली -** आर्थिक बर्ष २०७७/७८ मा अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक श्रोतबाट रु.३० करोड ६ लाख ५३ हजार राजस्व सङ्कलन हुने उल्लेख गरेकोमा रु.६३ करोड ९४ लाख ९२ हजार संकलन भएको छ । त्यसैगरी राजस्व बाँडफाँट मार्फत संघबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रु.६ अर्ब २७ करोड १३ लाख ४७ हजार रहेको छ। बजेटमा गरेको आन्तरिक आयको प्रक्षेपण तथा स्रोत आंकलन यथार्थपरक नभएको अवस्थामा असुली कार्य पनि प्रभावकारी देखिएन । तथ्यपरक ढङ्गले राजस्वको प्रक्षेपण गरी सङ्कलन एवं परिपालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **बिभाज्य कोषको प्रक्षेपण र प्राप्ति -** प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश एवम् स्थानीय तह दुवैको अधिकार क्षेत्रभित्र परेका कर एवम् गैर कर (सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर) बाँडफाँट गर्न प्रदेश सरकारले कर्णाली प्रदेश विभाज्य कोष खडा गरी बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

आर्थिक वर्ष २०७७/७८ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर रु.२२ करोड ५२ लाख ५५ हजारमध्ये रु.१३ करोड ५१ लाख ५३ हजार प्रदेश सञ्चित कोषमा र रु.९ करोड १ लाख २ हजार स्थानीय तहमा बाँडफाँट गरेको छ ।त्यसैगरी घरजग्गा रजिष्ट्रेशन शुल्क बापत रु.१ करोड ९१ लाख ८९ हजार बाँडफाँट भई प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ । विज्ञापन कर र मनोरञ्जन करको हकमा स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा प्राप्त भएको देखिएन। बाँडफाँट हुने राजस्वलाई यथार्थपरक बनाउनुपर्दछ ।

६. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ (२) मा आफ्नो कार्य क्षेत्रभित्रका कार्यालयको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र स्थानीय तहको आर्थिक कारोवारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था रहेको छ। त्यस्तै प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र तोकिएको विवरण सहित सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ । मन्त्रालयले २०७८ फागुनसम्म उक्त कार्य गरेको छैन । ऐनले गरेको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

७. **सेवा प्रवाह-** राज्यबाट जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउन आर्थिक पक्षसँग सम्बन्धित मन्त्रालयले निभाउनुपर्ने भूमिकालाई सवल तथा अनुशासित बनाउन सेवा प्रवाह व्यवस्थित हुनुपर्दछ । प्रदेशले छुट्टै आर्थिक नीति तर्जुमा नगरेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्न बाँकी रहेको तथा राजस्व चुहावट सम्बन्धी नीतिको कानुन तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

८. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको २०७७।७८ मा सुर्खेत विमानस्थल स्तरोन्नती र जलविद्युत आयोजनामा लगानी तथा वित्तीय व्यवस्थातर्फ रु.७५ करोड विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वयन भएको देखिएन । त्यस्तै प्रदेशको प्राथमिकता प्राप्त र सम्भाव्यता अध्ययन भएका आयोजनालाई आयोजना बैंकमा आवद्ध गर्ने भनिएकोमा आयोजना बैंक तयार भएको देखिएन । मन्त्रालयले प्रदेश सञ्चितकोषबाट सरकारी निकाय, समिति, बोर्ड तथा अन्य संस्थाहरूलाई सशर्त चालू अनुदान वापत रु.२ करोड विनियोजन गरेकोमा निकासा गरेको देखिएन । बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

९. **आयोजना स्वीकृति -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ (१) (ख) मा नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय, तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। स्वीकृत आयोजना कार्यान्वयनका लागि विस्तृत सर्वेक्षण, ड्रईङ्ग, डिजाईन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पुरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । कानूनी प्रकृया पुरा गरेर आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ ।

१०. **दिगो विकास लक्ष्य -** प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रियस्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरुप बनाउने, अनुगमन मूल्यांकन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलापको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवम् योजना र नीति तथा कार्यक्रमको उपलब्धी मापन गर्ने कार्य शुरु भएको छैन । कर्णाली प्रदेश योजना आयोग मार्फत संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारको दिगो विकास लक्ष्य सन् २०१६-२०३० का सूचकलाई आन्तरिकिकरण गर्नुपर्दछ ।

११. **स्थानीय तहलाई अनुदान -** आर्थिक वर्ष २०७७।७८ मा कर्णाली प्रदेश सरकारले प्रदेश स्थित स्थानीय तहलाई वित्तीय समानिकरण अनुदान वापत रु.८० करोड, समपुरक अनुदानतर्फ रु.१अर्ब ५ करोड ८० लाख, सर्शत अनुदान तर्फ रु.७८ करोड ६० लाख र विशेष अनुदानतर्फ रु.३५ करोड २५ लाख गरी जम्मा रु.२ अर्ब ९९ करोड ६५ लाख वित्तीय हस्तान्तरण गरेको छ। समपुरक र विशेष अनुदान हस्तान्तरणको कार्यविधि तर्जुमा भई सोही बमोजिम हस्तान्तरण हुने गरेको छ । समानिकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरे अनुसारको सुत्र बमोजिम

हस्तान्तरण हुने गरेको देखियो। सर्शत अनुदानतर्फका लागि लिइएको आधार, सोको आधारमा भएको खर्च, कार्यसम्पादन नतिजा एवं बाँकी रकम फिर्ता गर्नुपर्ने विषयबारे मन्त्रालयले अनुगमन एवं मूल्याङ्कन गरेको देखिएन । अनुदान रकमको खर्च सार्थकता विश्लेषण र बाँकी रकम फिर्ता गर्ने स्वचालित पद्धति बनाउनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

(रु.हजारमा)

क्र.सं.	प्राप्ति	गत वर्ष	यस वर्ष
१	**गत वर्षको मौज्दात जिम्मेवारी**	**१००४९६०८**	**१०,९६,२६,७५**
२	**राजस्व तथा अनुदान**	**१९६१५१४५**	**२२३०८२५०**
२.१	कर राजस्व	५१३०२५०	७,५३,८३,८५
२.२	अन्य राजस्व	९१४५७	१,२८,४८२
२.३	गत वर्षको नगद मौज्दात तथा बेरुजु	**०**	**०**
२.४	समानीकरण अनुदान	९८४८३००	९,६३,२९,००
२.५	समपुरक अनुदान	४६८९००	२५,००,००
२.६	सशर्त अनुदान	३२६६२३८	४,३१,८४,८३
२.७	विशेष अनुदान	८१००००	४४,००,००
३	**वित्तीय व्यवस्था**		
३.१	सोधभर्ना हुनेगरी भएको खर्च	०	०
३.२	ऋण लगानी फिर्ता	०	०
३.३	शेयर विक्री	०	०
३.४	बैदेशिक ऋण प्राप्ति	०	०
४	अनुदानमध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	**-१८२६०१०**	**(१,६८,४०,९३)**
५	चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात	-१०९६८४८१	(९,५४,४८,५८)
६	विगत आर्थिक वर्षको खुद मौज्दात	०	
७	बैंकबाट भुक्तानी नभएको खर्च समायोजन	९९४२	
	जम्मा प्राप्ति	**१६८८०२०४**	**२२,०४,१९,७३**
	भुक्तानी		
१	**चालु वर्षको भुक्तानी**		
१.१	सञ्चितकोष माथी व्ययभार हुने रकममा खर्च	८६१२	७७,६०
१.२	विनियोजन ऐनद्धारा भएको खर्च (चालु)	७३३६३१९	८,४६,३७,४१
१.३	विनियोजन ऐनद्धारा भएको खर्च (पुँजीगत)	९५३५२७३	१३,५७,०४,७२
२	**वित्तीय व्यवस्था भुक्तानी**		
२.१	आन्तरिक ऋणको सावा भुक्तानी	०	०
२.२	बाह्य ऋणको साँवा भुक्तानी	०	०
२.३	ऋण लगानी तथा शेयर लगानी	०	०
	जम्मा भुक्तानीः	**१६,८८,०२,०४**	**२२,०४,१९,७३**

१२. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चितकोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश संञ्चित कोषको सञ्चालन, एकीकृत लेखा तथा वित्तीय विवरण २०७८ कार्तिक मसान्त भित्र महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्नेमा सो अवधिभित्र पेस भएको छैन। तोकिएको समयमा वित्तीय विवरण पेस गर्ने व्यवस्था हुनुपर्दछ । प्रदेश सञ्चित कोषको स्थिति निम्नानुसार रहेको छ ।

गतबर्ष संचित कोषमा रु.१० अर्ब ९६ करोड ८४ लाख जिम्मेवारी रहेकोमा यो बर्ष रु.५८ लाख घटी जिम्मेवारी सारेको रकम हिसाव मिलान गरेको छैन ।

१३. **सञ्चित कोषको विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ (५) मा प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था छ । सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम सञ्चित कोषको आय व्यय विवरण तयार गरेको छैन। तोकिएको ढाँचामा सञ्चित कोषको आय-व्यय विवरण तयार गरी लेखापरीक्षणमा पेस गर्नुपर्दछ ।

१४. **प्रदेश विनियोजन** - प्रदेश सरकारको कुल बजेट रु.३३ अर्ब ८६ करोड ७६ लाख १४ हजार रहेको छ । सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत चालुतर्फ रु.८ अर्ब ४७ करोड ६७ लाख ८ हजार र पुँजीगततर्फ रु.१४ अर्ब २७ करोड ५२ लाख ७२ हजार खर्च भएको छ। कुल बजेटको तुलनामा चालु खर्च ६८.३७ प्रतिशत र पुँजीगत खर्च ६६.४८ प्रतिशत रही समग्रमा ६७.४० प्रतिशत खर्च भएको छ ।अख्तियारी, खरिद कार्ययोजना, बजेट तथा कार्यक्रमको परिचालनमा ढिलाईका कारण पुँजीगत खर्चको स्थिति कमजोर देखिएको छ ।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीले सभामा पेस गरेको बजेट बक्तब्यको बुँदा नं.२१७ मा रु.३३ अर्ब ७४ करोड १३ लाख ५३ हजारको बजेट हुने उल्लेख छ । उक्त बजेटमा चालूतर्फ सञ्चितकोषमा व्ययभार पर्ने रकम समेत रु.११ अर्ब ६७ करोड ५७ लाख ३२ हजार र पुजिगत खर्च रु.१९ अर्ब ६ करोड ९१ लाख २१ हजार उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत बित्तीय विवरणमा बजेट बक्तब्य भन्दा रु.१२ करोड ६२ लाख ६१ हजार बढीको बजेट राखी एकीकृत बित्तीय विवरण तयार गरेको छ । बजेट बक्तब्यमा भन्दा बित्तीय बिवरणमा बढी देखाएको सम्बन्धमा स्पष्ट गर्नु पर्दछ ।

१५. **खर्चको स्रोतगत अवस्था** - प्रदेश सरकारको आर्थिक वर्ष २०७७।७८ को श्रोतगत विवरणमा प्रदेश सरकारको रु.१८ अर्ब ७१ करोड ७५ लाख ८५ हजार र संघीय सरकारको रु.४ अर्ब ३४ करोड ३९ लाख ५८ हजार रहेको छ । संघीय सरकार तर्फ समानिकरण अनुदान रु.५ अर्ब ९२ करोड ९० लाख ७९ हजार, सशर्त अनुदानतर्फ रु.३ अर्ब ७४ करोड २ लाख २९ हजार, समपुरक अनुदानतर्फ रु.९७ करोड ७५ लाख १६ हजार र विशेष अनुदानतर्फ रु.१९ करोड ६४ लाख १४ हजार खर्च भएको छ । संघीय सरकारको रु.४ अर्ब ३४ करोड ३९ लाख ५८ हजार अनुदान तथा सोधभर्ना हुने रु.२१ करोड ६८ लाख ३४ हजार सोधभर्ना भएको छैन।

१६. **प्रदेश आन्तरिक आय** - विनियोजन विधेयक, २०७७ अनुसार कुल रु.३० करोड ६ लाख ५३ हजार आय अनुमान गरेकोमा रु.६३ करोड ९४ लाख ९२ हजार असुली भएको छ ।राजस्व रकम अनुमानको तुलनामा ११२.७० प्रतिशत बढी असूली देखिएको छ । राजस्व पूर्वानुमान वस्तुनिष्ठ

तवरले गर्न राजस्व प्राप्तिका वैकल्पिक स्रोत समेत पहिचान गरी पूर्वानुमान अझ बढी प्रभावकारी बनाउनुपर्दछ ।

१७. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा बाँडफाँट गर्ने व्यवस्था छ । यो वर्ष रु.१ करोड ९१ लाख ६६ हजार संकलन भएकोमा प्रदेश विभाज्यकोषमा रु.१ करोड १४ लाख ९९ हजार सारेको र बाँकी ४० प्रतिशतले हुने रकम रु.७६ लाख ६६ हजार स्थानीय विभाज्यकोषमा सारेको छ । आर्थिक वर्ष २०७७।७८ मा संकलन भएको रु.१ करोड ३३ लाख ९० हजार बाँडफाँट भएको छैन ।

१८. **प्रदेश धरौटी** - गत वर्षको जिम्मेवारी रु.२६ करोड ३३ लाख १ हजारमा यस वर्ष रु.६१ करोड ११ लाख ९२ हजार आय प्राप्त भई सदरस्याहा र फिर्ता खर्च भई वर्षान्तमा रु.१४ करोड ३१ लाख ५० हजार बाँकी देखिन्छ । फरक रु.१ लाख २८ हजारको हिसाव मिलान हुनुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश अन्तर्गतका कार्यालय तथा निकायको प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष शुरु भएको कम्तिमा प्रत्येक दुई महिनामा आन्तरिक लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट दुई महिनामा लेखापरीक्षण गर्ने व्यवस्था नअपनाएको, व्यवस्थापकीय र संस्थागत संस्कृतीउपर सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्त भित्र तयार गरी आर्थिक मामिला मन्त्रालयमा नपठाएको जस्ता कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन ।

१९.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(६) मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई राख्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रण कार्यालयले सबै कार्यालयको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी एकैपटक आन्तरिक लेखापरीक्षण प्रतिवेदन दिएको छ ।प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश अन्तर्गतका १० जिल्ला स्थित ९३ कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.३ करोड ९० लाख २५ हजार, अनियमित रु.१५ करोड ४७ लाख ७२ हजार म्याद नाघेको पेस्की बाँकी रु.७४ करोड ५४ लाख ४० हजार तथा म्याद ननाघेको पेस्की रु २ करोड ७५ लाख २३ हजार हजार समेत रु.९३ करोड ९२ लाख ३७ हजार लगती बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म बेरुजु नियमानुसार असुल तथा फर्स्यौंट गरी सम्परीक्षण भएको देखिएन । कानुनमा भएको व्यवस्थाको परिपालना गरी आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु समयमै फर्स्यौंट गर्नुपर्दछ ।

- **बेरुजुको स्थिति** - मन्त्रालय तथा मातहतका समेत १८ निकायमा रु.१ अर्ब ६८ करोड ४१ लाख ७४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.१ अर्ब ६८ करोड ४० लाख ९४ हजार फर्स्यौंट गरेकोले रु.८० हजार बेरुजु बाँकी देखिएको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा, सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघ संस्थाको समन्वय र सहकार्य गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत ८ निकायको विनियोजन रु.२८ करोड २८ लाख ३ हजार, राजस्व रु.७ लाख ९४ हजार, धरौटी रु.६३ लाख ५ हजार र अन्य कारोवार रु.८ करोड ५२ लाख ३० हजार समेत रु.३७ करोड ५१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति निर्माण, कानुन तर्जुमा, राय परामर्श, कानुन निर्माण, अन्तर निकाय समन्वय गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका छन् ।

मन्त्रालयले प्रदेश भित्र दर्ता भई संचालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, संचालन/नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरेको छैन। संघीय तथा प्रदेश सरकारलाई हस्तान्तरण गरेका गैरसरकारी संस्थाको अभिलेख अद्यावधिक गरेको छैन । प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता तथा नवीकरणका लागि कानुन तर्जुमा गरी अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा समन्वय गर्ने कार्य प्रभावकारी बनाउनुपर्दछ ।

२. **विनियोजन दक्षता -** विनियोजन ऐन, २०७६ बमोजिम मन्त्रालयलाई रु.४१ करोड ७६ लाख ५३ हजार शुरु विनियोजन भएकोमा रकमान्तरवाट घटाई अन्तिम बजेट रु.३३ करोड १० लाख १३ हजार कायम गरेको छ । उक्त बजेटवाट मन्त्रालयले यो वर्ष रु.१० करोड ७५ लाख ३७ हजार हजार मात्र खर्च गरेकोले शुरु विनियोजनको तुलनामा ३२.४८ प्रतिशत मात्र खर्च भएको छ । लक्षित कार्यक्रम सञ्चालन गरी खर्च क्षमता वृद्धि गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेशको आवधिक योजना २०७६/७७-२०८०/८१ मा समावेश भएका प्रदेश प्रहरी संगठन स्थापना र सञ्चालन, साईवर सुरक्षा र सुशासन अनुभुति सर्वेक्षण आदि कार्य भएको छैन। आवधिक योजनामा समावेश भएका कार्य कार्यान्वयन हुनुपर्दछ ।

प्रदेश सरकारको बजेट वक्तव्यमा दुर्घटनामा परेकालाई शीघ्र उद्धार गरी उपचार व्यवस्था गर्न रु.२ करोड, कर्णाली आकस्मिक कोषमा रु.२ करोड तथा राहत सहयोग सम्बन्धी कार्यलाई एकद्वारबाट सञ्चालन गर्न नागरिक राहत कोष स्थापना र सञ्चालनका लागि रु.१ करोड विनियोजन गरेकोमा ती कार्यक्रम संचालन हुन सकेको देखिएन। बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ र २७ मा बजेट कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति देखिने गरी प्रगति विवरण तयार गरी समीक्षा गरेको छैन । विभिन्न ७२ क्रियाकलाप मध्ये उत्पादनमुलक खुल्ला कारागार निर्माण, कार्यालयको विद्युतिकरण, कर्णाली प्रदेशको डिजिटल डि.पि.आर निर्माण, प्राकृतिक प्रकोप एवं विपद जोखिम सम्बन्धी प्रोटोकल र एप्लीकेशन

निर्माण लगायत १३ क्रियाकलापमा शुन्य प्रगति रहेको छ । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **खरिद गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु.१० करोड रुपैंया भन्दा वढी रकमको खरिद गर्दा खरिद गुरूयोजना तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वलका संघीय ईकाई कार्यालयमा विपद् गोदामघर, प्रहरी व्यारेक तथा सुरक्षापोष्ट निर्माणका साथै, सवारी साधन, मेशिनरी औजार र फर्निचर खरिदको लागि यो वर्ष रु.२९ करोड ५ लाख ५० हजार विनियोजन भएकोमा खरिद गुरुयोजना तयार नगरी रु.९६ लाख ७४ हजार खर्च गरेको छ । गुरुयोजना स्वीकृत नगरी सालवसाली विनियोजन मार्फत गर्दै संघीय निकायको लागि सवारी साधन, मेशिनरी औजार र भवन निर्माण कार्यमा खर्च गर्नु नियमसम्मत देखिएन । गुरुयोजनाको आधारमा वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

६. **कार्यक्षेत्र बाहिरको कार्यक्रम -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको मुख्य कार्य प्रदेशभित्र शान्ति सुरक्षा कायम गर्ने, नीति नियम तर्जुमा गर्ने, अन्य मन्त्रालयबाट तर्जुमा हुने ऐन कानुनमा राय परामर्श दिने रहेको छ । मन्त्रालयले रकमान्तरबाट नरहरीनाथ गाउँपालिका, कालिकोटलाई प्रशासकीय भवन निर्माण गर्न रु.२ करोड ७५ लाख निकासा गरेको छ । कार्य विभाजन नियमावली अनुसार मन्त्रालयको कार्यक्षेत्र बाहिर पर्ने असम्बन्धित कार्यक्रममा गरेको खर्च नियन्त्रण हुनुपर्दछ ।

७. **आर्थिक सहायता -** प्रदेश सरकार, मन्त्रिपरिषदको बैठक २०७८।१।१७ को निर्णयनुसार कोभिड १९ का कारण मृत्यु भएका मानिसको घर परिवारलाई प्रति मृतक रु.१ लाखका दरले प्रदेश विपद् व्यवस्थापन कोषबाट राहत वितरण गर्ने निर्णय अनुसार मृत्यु भएका मृतकका परिवारलाई राहत वितरण सम्बन्धी कार्यविधि, २०७८ को वुंदा ३ र ६ अनुसार यस वर्ष १३२ जनालाई रु.१ करोड ३२ लाख राहत रकम उपलव्ध गराएको छ । विपदबाट मृत्यु हुने नागरिकका आश्रित परिवारलाई रु.२ लाख का दरले बीमा गरेको अवस्थामा समेत दोहोरो पर्नेगरी वितरण गरेको रकमको अद्यावधिक अभिलेख पेस भएको छैन । दोहोरो हुनेगरी गरेको खर्च नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ

८. **रकम फिर्ता -** विपद्बाट मृत्यु भएका परिवारका लागि राहत वितरण गर्न प्रति मृतक रु.२ लाखका दरले जिल्ला प्रशासन कार्यालय हुम्लालाई रु.२ लाख, डोल्पालाई रु.२४ लाख, सल्यानलाई रु.१४ लाख र जाजरकोटलाई रु.६ लाख समेत रु.४६ लाख रकम पठाइएकोमा उक्त रकम वितरण भएको विवरण पेस भएको छैन । वितरण नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्दछ ।

८.१. **रकम फिर्ता नभएको -** मन्त्रालयले द्धन्द्ध पिडित घाइते अपाङ्ग उपचारका लागि सम्झौता गरी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.१० लाख र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु १० लाख समेत रु.२० लाख भुक्तानी गरेको छ । द्धन्द्ध पिडित घाइते अपाङ्ग उपचार कार्यविधि २०७७ बमोजिम सम्झौता अनुसार बाँकि रकम फिर्ता गर्नुपर्नेमा प्रतिष्ठानवाट खर्चको विवरणसहित बाँकी रकम फिर्ता भएको छैन । उक्त रकम संचितकोषमा फिर्ता दाखिला हुनुपर्दछ ।

९. **विपद् बीमा** - प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५ को दफा ५ मा पाँच लाख रुपैया भन्दा बढी रकमको मालसामान, परामर्श सेवा तथा अन्य सेवा प्रदेश सरकार मन्त्रिपरिषदको स्वीकृती लिई खरिद गर्नुपर्ने व्यवस्था छ । कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदवाट २०७६।९।८ मा विपद जोखिम विमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत भएको छ । प्राकृतिक जोखिम विरुद्ध सामुहिक दुर्घटना विमा कार्यक्रमवाट भौगोलिक जटिलता र विपदवाट हुने दुर्घटनाका कारण मृत्यू भएमा रु.२ लाख प्राप्त हुने गरी १७ लाख ७० हजारको एक वर्षको लागि प्रति व्यक्ति रु.९।३३ का दरले जम्मा बीमा शुल्क रु.१ करोड ६५ लाख राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी खर्च लेखेको छ। बीमाको तथ्याङ्क संकलन, विमालेख जारी तथा विमालेखबाट दावी फर्स्यौट कार्यमा सहजीकरणको लागि प्रदेश सचिवको संयोजकत्वमा ६ सदस्यीय अनुगमन समिति रहने व्यवस्था छ ।समितिले प्राकृतिक जोखिम दुर्घटना विमावाट मृतकका हकवाला ६४ जनालाई विमाङ्क रकमको लागि सिफारिस गरेकोमा २०७८।१२।०१ सम्म बिमा दाबी प्राप्त गरेको अध्यावधिक विवरण पेस गरेको छैन । विमा कार्यक्रमबाट प्राप्त हुने उपलब्धी र खर्चको प्रभावकारिता मूल्यांकन र अभिलेख व्यवस्थापन अद्यावधिक हुनुपर्दछ ।

१०. **विविध खाता** - विविध खाता (कोभिड-१९) मा गत वर्षको मौज्दात रु.३ करोड ७८ लाख ९३ हजार रहेकोमा यो वर्ष रु.४ करोड ७२ लाख आम्दानी समेत रु.८ करोड ५० लाख ९३ हजार आम्दानी भएकोमा रु.३ करोड ३७ लाख ५७ हजार खर्च भई रु.५ करोड १३ लाख ३६ हजार मौज्दात रहेको छ । मन्त्रालयले कोभिड-१९ रोकथाम तथा उपचार सम्बन्धी विभिन्न कार्य गर्ने र सोको लेखा राख्ने साथै लेखापरीक्षण गराउने गरी सशस्त्र प्रहरी गण र गुल्म ११ लाई रु.५ लाखका दरले रु.५५ लाख, १० जिल्ला प्रहरी कार्यालयलाई रु.५ लाखका दरले रु.५० लाख र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई रु.५० लाख गरी २२ कार्यालयलाई रु.१ करोड ५५ लाख निकासा दिएको छ । उक्त रकमको आम्दानी तथा खर्च सम्बन्धमा अनुगमन गरी लेखापरीक्षण गराएको सुनिश्चित गर्नुपर्दछ ।

११. **सिन्डिकेट नियन्त्रण** - प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयको रहेको छ । प्रदेश भित्रका सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिण्डिकेट एवम् कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन, नियम, कार्यविधि एवम् मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ र सिण्डिकेट नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन ।

१२. **गैर सरकारी संघ संस्था** - प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने यस मन्त्रालयले प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन/नविकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरेको छैन। साविकमा संघीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार मातहत रहने गरी हस्तान्तरण भई आएतापनि दर्ता, सञ्चालन तथा नवीकरण सम्बन्धी अभिलेख प्राप्त हुन नसकेकाले गैर सरकारी संघ संस्थाको अभिलेख अद्यावधिक हुन सकेको छैन । कानुन तर्जुमा गरी अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

१३. **बैठक भत्ता -** प्रदेश सरकारवाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा ३ मा कार्यालय समय अघि वा पछि बैठक वसेको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने र कानुन तथा आदेशवाट गठित वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिने व्यवस्था छ । ऐन, कानुन, कार्यविधि तथा मापदण्डको मस्यौदा तयारीका लागि रु.८ लाख, कानुन मस्यौदा तर्जुमा शीर्षकमा रु.२ लाख ६८ हजार गरी रु.१० लाख ६८ हजार खर्च लेखेको छ । यस्तो कार्यमा मितव्ययी कायम हुनुपर्दछ ।

- **बेरुजुको स्थिति** - मन्त्रालयको रु.३ करोड ७९ लाख ५७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट हुन नसकी सोही रकम नै बेरुजु बाँकी रहेको छ । सोमध्ये रु.३३ लाख ५७ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, खानी तथा खनिज पदार्थको अन्वेषण, संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, भूस्खलन नियन्त्रण लगायतका कार्य रहेका छन्।

यो वर्ष मातहत २४ निकाय समेतको विनियोजन रु.१ अर्ब ४८ करोड ४० लाख ४ हजार, राजस्व रु.९ करोड २२ लाख ३० हजार, धरौटी रु.१० करोड ८९ लाख ७९ हजार र अन्य कारोबार रु.३ करोड ६५ लाख ११ हजार समेत रु.१ अर्ब ७२ करोड १७ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची २ मा मन्त्रालयको कार्य जिम्मेवारी उल्लेख छ । उक्त कार्य जिम्मेवारीले नेपाल सरकारको सहमतीमा आर्थिक तथा औद्यौगिक विषयका करारजन्य सम्झौता, ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी, कलकारखाना तथा औद्यौगिकिकरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन, प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्यौगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र विस्तार, औद्यौगिक वस्तुको निर्यात प्रवर्द्धन, संघीय मापदण्ड अनुसार स्टयान्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, उपभोक्ता अदालत गठन र संचालन, करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन, प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, प्रदेशस्तर इन्धनको गुणस्तर अनुगमन, पर्यटक प्रहरी व्यवस्थापन जस्ता कार्य तोकेकोमा गुणस्तरीय कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण भएको छैन । तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **कानुन निर्माण -** मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७७ तथा नियमावली, २०७७, प्रदेश सभाबाट पास भएपनि प्रमाणिकरण गरेको छैन । प्रदेश पर्यटन, प्रदेश वन विधेयक, औद्योगिक व्यवसाय सम्बन्धी विधेयक, प्रदेश व्यापार व्यवसाय दर्ता तथा संचालन सम्बन्धी विधेयक, खानी अन्वेषण तथा व्यवस्थापन विधेयक, पर्यटन नियमावली, वन नियमावली, औद्योगिक व्यवसाय नियमावली, व्यापार व्यवसाय दर्ता तथा संचालन नियमावली, प्रदेश बजार अनुगमन नियमावली, वन नीति, कार्टेलिङ तथा सिन्डिकेट सम्बन्धी नियमावली आदि तर्जुमा भएका छैनन् । मन्त्रालयको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३. **बार्षिक नीति तथा कार्यक्रम -** प्रदेशको २०७७/७८ को नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार उद्यमशीलता विकास गरी स्वरोजगारी सृजना गर्न युवा जनशक्तिलाई तोकिएको मापदण्डका आधारमा सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान उपलब्ध गराउन, मझौला तथा ठूला उद्योग स्थापना प्रोत्साहन गर्न सडक र विद्युत पहुँचका लागि पूर्वाधार विकास, प्रदेशका पहिचानजन्य, निर्यातयोग्य, अर्गानीक, रैथाने लगायतका उत्पादनको प्रमाणिकरण तथा ब्रान्डिङ गरी बजार प्रवर्द्धन, विमानस्थलबाट टाढा पर्ने विकट क्षेत्रमा हेलिप्याड निर्माण तथा प्रदेशका सबै विमानस्थल एवं सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नती, नियमित उडान व्यवस्थाका लागि दुर्गम क्षेत्र सेवा कोष परिचालन गर्न पहल गरिने उल्लेख

गरेपनि यी कार्यक्रम कार्यान्वयन हुने गरी बजेटले समेटेको छैन । फलस्वरुप नीति तथा कार्यक्रममा उद्घोष भएका कार्यक्रम कार्यान्वयन भएको देखिएन । कार्यान्वयन योग्य कार्यक्रम मात्र वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरूमध्ये कर्णाली प्रदेशलाई अर्गानिक प्रदेशको रुपमा विकास गर्न प्रदेश भित्रका सम्भावित स्थानमा कपास खेती एवं उन उत्पादन र प्रशोधन, उत्पादनको बजारीकरणका लागि कर्णाली ब्राण्डको प्रवर्द्धन, जडीबुटीको संकलन र नागरिकको आय आर्जन वृद्धि गर्ने, रारा क्षेत्रमा आवश्यक पूर्वाधार विकासका लागि सरकार नागरिक साझेदारीमा होमस्टे पर्यटनको प्रवर्द्धन गर्न आवास सहितको नमुना गाँउ विकास, उच्च पहाडी क्षेत्रमा सम्भाव्यताको आधारमा नमुना पदयात्रा मार्ग निर्माण, गुरिल्ला ट्रेल र ग्रेट हिमालयन ट्रेल पूर्वाधार निर्माण, कुपिण्डेताल वरिपरी पर्यापर्यटकीय परिपथ निर्माण, शितलपाटी खैरावाङ सडक स्तरोन्नति, पचाल झरना पहुँच सडक स्तरोन्नति, स्यार्पु ताल संरक्षण, एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास, युद्धस्मृति संग्रहालय, सानीभेरी छाला उद्योगको लागि पूर्वाधार निर्माण, बुलबुले गुरुयोजना कार्यान्वयन, सौगात गृह निर्माण, दशरथपुर शहिद पार्क निर्माण, एक जिल्ला एक उद्योग ग्राम पूर्वाधार निर्माण, भवानी हाइटेक नर्सरी निर्माण, युद्धस्मृति संग्रहालय, सानीभेरी, एक वडा एक अन्न भकारी, खाद्य गोदामको भौतिक पूर्वाधार निर्माण गर्ने गरी घोषणा भएका कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन । प्राथमिकतामा परेका कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ ।

५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उप शीर्षकमा बचत हुने रकम मध्येबाट तोकिएको सीमाभित्र रही मन्त्रालयले २५ प्रतिशत भन्दा वढी नहुने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहतले गरेको खर्च रु.१ अर्व ५६ करोड २ लाख मध्ये रु.४३ करोड ८५ लाख अर्थात २८.१० प्रतिशत रकमान्तर गरेको छ । बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने तथा बजेट कार्यान्वयन चरणको समयावधिको कारणले खर्चको अपेक्षित उपलब्धि प्राप्त हुने देखिदैन । संसदीय निगरानी वाहिर रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६. **दिगो विकास लक्ष्य कार्यान्वयन -** दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेशलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक सम्बोधन हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य गन्तव्य र सूचक तोकी संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन हुन बाँकी छ । गरिबी निवारण, स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु उद्योग संचालन, सीप विकास तालिम, प्रविधि हस्तान्तरण, वनमा आधारित उद्योग, जडिबुटी संकलन र पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक वृद्धिमा टेवा र रोजगारी सिर्जना गर्ने भएता पनि दिगो औद्यौगिकिकरण असमानताको अन्त्य, जोखिमयुक्त भू तथा जलाधार क्षेत्रहरूको संरक्षण, सुरक्षित उत्पादकत्व र उपभोग, वन अतिक्रमण लगायतका समस्याहरू रहेकोले

अपेक्षित लक्ष्य हासिल भएको छैन । दिगो विकास लक्ष्यसँग समन्वय हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गरी स्वीकृत गर्ने र नियम ७२ मा रु.२० लाख सम्मको परामर्श सेवा सुचिकृत परामर्शदातावाट प्राविधिक र आर्थिक प्रस्ताव लिई छनोट गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उद्योग स्थापनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न टुक्रा गरी १२ परामर्शदातालाई रु.१ करोड ४२ लाख १४ हजार भुक्तानी गरेको छ। प्रतिस्पर्धात्मक विधिवाट परामर्श सेवा खरिद गरी खरिद मितव्ययी बनाउनुपर्दछ । साथै जनशक्तिको उपयुक्त व्यवस्थापन गरी परामर्शदाता माथिको निर्भरता घटाउनु पर्दछ।

८. **वन पैदावार संकलन तथा विक्री-** खोटो संकलन निर्देशिका, २०६४ को दफा १२ र १३ तथा वन नियमावली, २०५१ को नियम ११ मा खोटो तथा वन पैदावार संकलन तथा विक्री वितरण गर्न सकिने उल्लेख छ । कोरोना महामारी तथा सोबाट सिर्जित कारणले उल्लेख्य राजस्व संकलन हुन नसकी वन पैदावार तथा जडिबुटीबाट रु.३ करोड ४६ लाख ७६ हजार प्राप्त भएको विवरण पेस भएको छ । मन्त्रालयले वन पैदावार संकलन र बिक्री वितरणमा प्रभावकारी अनुगमन गरी अधिकतम प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९. **वन अतिक्रण** - वन अतिक्रण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ को ५.२ बमोजिम समिति गठन गर्ने र वन अतिक्रमण/वन डढेलो नियन्त्रण गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले उपलब्ध गराएको विवरणमा सुर्खेत, सल्यान, जाजरकोट, रुकुम पश्चिम आदि जिल्लामा बढी अतिक्रमण भएको देखिएको छ। भेरीमा ५ हेक्टर तथा जाजरकोटमा २ हेक्टर वन क्षेत्रबाट अतिक्रमण हटाएको छ । तर प्रदेश भरी कूल वन अतिक्रमण क्षेत्रफलको विवरण पेस हुन आएन । सुर्खेत, सल्यान, जाजरकोट आदि जिल्लामा करिव ५० हेक्टर वन डडेलो नियन्त्रण गरिएको उल्लेख गरेकोमा डढेलोबाट भएको क्षतिको विवरण तयार गरेको छैन। वन अतिक्रमण हटाउन पहल गरी डढेलो नियन्त्रणको लागि दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१०. **मुद्दा व्यवस्थापन** - वन ऐन, २०७६ को दफा ६२ मा वन पैदावर तथा वन्यजन्तुको आखेटोपहारको अवैध तस्करी आदिमा मुद्दा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सबैभन्दा बढी सुर्खेत जिल्लामा २७ मुद्दा दायर गरी कारवाही गरेको छ । तथापि मुद्दा फर्स्यौंटको प्रतिवेदन पेस भएन। अन्य जिल्लाहरूमा मुद्दा दायर गरी कारवाही गरिएको बिवरण पेस हुन आएन । मन्त्रालयले मातहतका कार्यालय समेतको वन मुद्दा, सोको फर्स्यौंट र बाँकी मुद्धाको विवरण लिई कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

११. **कार्यक्रम प्रसारण** - मन्त्रालयले विभिन्न क्षेत्र, पर्यटकीय क्षेत्र तथा धार्मिक सांस्कृतिक क्षेत्र फोक्सुण्डो ताल, डोल्पा जिल्लाको दुनै, त्रिपुरासुन्दरी मन्दिर, छलमस्टा र कर्णाली प्रदेशका सांस्कृतिक तथा पर्यटकीय पक्षहरू समेटिएका भिडियो डकुमेन्ट्री तयार गरी टेलिभिजनवाट प्रशारण पश्चात मात्र भुक्तानी हुने गरी ४ परामर्शदातासंग सम्झौता गरेको छ । ती परामर्शदातालाई रु.१९ लाख ७५ हजार

भुक्तानी गरेकोमा शर्त अनुसार कार्यक्रम प्रशारण भएको देखिएन । प्रशारण भएको समय र व्यहोरा यकिन हुनुपर्दछ ।

१२. **लेखापरीक्षण तथा रकम फिर्ता -** आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा सबै प्रकारका आय-व्यय तथा कारोवारको महालेखा परीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कर्णाली प्रदेशको विकट जिल्लामा खाद्यान्न ढुवानी गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई भुक्तानी दिएको रु.४ करोड ८३ लाख ७० हजार मध्ये रु.३ करोड ६१ लाख ९५ हजार खर्च भइ रु.१ करोड २१ लाख ७५ हजार मन्त्रालयमा फिर्ता गरेको छ । फिर्ता रकम मन्त्रालयले प्रदेश सञ्चितकोषमा दाखिला नगरी विविध खातामा दाखिला गरेकोले प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।कम्पनीले खर्च लेखेको रु.३ करोड ६१ लाख ९५ हजारको खर्चको विवरण सहितको श्रेस्ता लेखापरीक्षणको लागि पेस भएको छैन ।

१२.१. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको केन्द्रीय गोदाममा जिल्ला प्रशासन कार्यालय, सुर्खेत र खाद्य तथा गुणस्तर नियन्त्रण कार्यालयबाट २०७६ मा अनुगमन हुँदा १ हजार ९७५ क्वीन्टल चामल खानयोग्य नभएकोले बेचविखनमा रोक लगाई नष्ट गर्न सुझाव दिएको थियो । उक्त सामग्रीको गुणस्तर नभएको सम्बन्धमा आवश्यक छानविन गरेर नष्ट गर्नुपर्नेमा गरेको छैन । नष्ट गर्नुपर्ने चामल ५ हजार ८ सय मेट्रिक टन विकट जिल्लाका वासिन्दालाई खुवाउन कर्णाली प्रदेश पठाएको व्यहोरा सार्वजनिक रुपमा प्रकाशन भएपछि जिल्ला प्रशासन कार्यालय र खाद्य तथा गुणस्तर नियन्त्रण कार्यालय, सुर्खेतले पुनः सुर्खेत स्थित प्रादेशिक गोदामको अनुगमन गर्दा २ हजार क्वीन्टल चामल गुणस्तरहीन रहेको उल्लेख गरेको र ४ सय ८७ क्वीन्टल शील गरेको छ । खाद्यान्न खरिद, वितरण तथा व्यवस्थापनमा पर्याप्त ध्यान नपुऱ्याउने उपर छानविन गरी कारबाही गर्नुपर्दछ ।

१३. **वन पैदावारको लगत -** साविकमा वन विभागले वन कार्यालयबाट प्राप्त विवरणको आधारमा काठ दाउराको अभिलेख राखी संकलन, बिक्री र बाँकीको मौज्दात एकीकृत गरी काठ दाउराको अवस्था यकिन गर्ने गरेको थियो। साविकका वन कार्यालयहरू हाल प्रदेशको संरचनामा आएपश्चात मन्त्रालयले ती कार्यालयबाट विवरण संकलन गरी काठ दाउराको अवस्था देखिने अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेमा यस सम्बन्धी अभिलेख नराखेकोले प्रदेशभित्र रहेको वनजन्य सम्पदाको संकलन बिक्री र मौज्दातको अवस्था यकिन भएको छैन । त्यस्तै प्रदेशमा रहेको वन तथा वृक्षारोपण र वनजन्य सम्पदाको एकीकृत अभिलेख नराखेकोले कर्णाली प्रदेशलाई हराभरा बनाउने क्षेत्रमा गर्नुपर्ने सुधारको वारेमा विश्लेषण हुन सकेन । काठ दाउराको अद्यावधिक अभिलेख राखी सोको अनुगमन हुनुपर्दछ ।

१४. **वन, जल र वातावरण -** प्रदेशमा रोजगारी सिर्जना, आयवृद्धि, काठ, दाउरा, घाँसपात, गैर काष्ठ, वन पैदावारको आपूर्ति, कृषि, पशुपालन, पर्यटन र सिंचाईमा समेत वन क्षेत्रको भूमिका उल्लेखनीय छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडानी, विपद जोखिम न्यूनिकरण, वनमा आश्रित समुदायका लागि दिगो अनुकूलन कार्यक्रम संचालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्ने कार्य थप उपलब्धीमूलक बनाउन बाँकी रहेको छ । वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी दिगो तथा वातावरण अनुकूलन कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१५. **खानी अन्वेषण र व्यवस्थापन -** श्रममुलक, निर्यातजन्य र आयात प्रतिस्थापनका लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ व्यवस्थापन गरी औधोगिक वातावरण सिर्जना गर्नु प्रदेश सरकारको अधिकार तथा दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रम अगाडि बढाउनु प्रदेश सरकारको जिम्मामा रहेको छ । प्राकृतिक स्रोत र साधनको किफायती प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१६. **जैविक विविधता अध्ययन अनुसन्धान -** प्रदेश सरकार (कार्यविभाजन) सम्बन्धी नियमावली, २०७४ अनुसार प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांस बाँडफाँटको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विगत वर्षहरूमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका अनुसन्धानात्मक कार्यहरूको स्वामित्व लिई व्यवस्थापन नियमन र लाभांश बाँडफाँटको नीति तर्जूमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१७. **खार्पुनाथ हेलि प्याड -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४५ मा सरकारी रकम निकासा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतको आधारमा कारोवारको जाँच गरी निकासा दिनुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, हुम्लाले खार्पुनाथ गाउपालिका वडा नं. ५ मा हेलिप्याड निर्माणको लागि २०७७।१०।१६ मा जग्गा धनी एक व्यक्तिसँग कवुलियतनामामा जग्गा लिई हेलिप्याड निर्माण गर्न रु.१३ लाख ५६ हजार खर्च गरेको छ। सरकारको नाममा जग्गा रजिष्ट्रेशन पास नगरी व्यक्तिको नाममा रहेको जग्गामा हेलिप्याड निर्माण गरेकोले उक्त जग्गा सरकारी नाममा रजिष्ट्रेशन पास भएको प्रमाण पेस हुनुपर्दछ ।

- **बेरुजुको स्थिति** - मन्त्रालयको रु.९ करोड ३७ लाख १८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट हुन नसकि सोही रकम नै बेरुजु बाँकी रहेको छ । सोमध्ये रु.५७ लाख २१ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशमा कृषि, पशु, भूमि व्यवस्थापन र सहकारी क्षेत्रसंग सम्बन्धित ३२ कार्यको नीति, कानुन र मापदण्ड निर्माण, कार्यान्यवन र नियमन, सञ्चालन, विकास र विस्तार गर्ने कार्य रहेका छन् ।

यो वर्ष मातहत २६ कार्यालय समेत विनियोजन रु.२ अर्व २० करोड ६४ लाख ९५ हजार, राजस्व रु.५ करोड ४० लाख ७५ हजार, धरौटी रु.२ करोड ४७ लाख २ हजार र अन्य कारोवार रु.७५ लाख ७८ हजार समेत रु.२ अर्व २९ करोड २८ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ३३ कार्य जिम्मेवारी मध्ये जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी व्यवस्थापन, सहकारी बचत तथा ऋण परिचालन आदि व्यवस्था कार्यान्वयन भएको छैन । स्रोत व्यवस्थापन गरी क्रमिकरुपमा तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा तर्जुमा गर्नुपर्ने जलचर संरक्षण, कृषि व्यवसाय प्रबर्धन, जिवनाशक विषादी, माटो तथा मल व्यवस्थापन, पशु सेवा तथा पशु स्वास्थ्य, कर्णाली प्रदेश जग्गा प्रशासनसंग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधी तर्जुमा गरेको देखिएन । ती कानुनहरू यथाशिघ्र तर्जुमा गरी कार्य सचालन गर्नुपर्दछ ।

२. **अख्तियारी तथा रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को मा बजेट खर्च गर्ने सम्बन्धी व्यवस्था छ । मन्त्रालयले सचिव तथा मन्त्री स्तरीय निर्णयबाट ४ पटक गरी रु.१६ करोड २२ लाख ५० हजार रकमान्तर गरेको छ। बजेट निर्माणको समयमा पर्याप्त ध्यान नदिई कार्यक्रम संशोधन नगरी पटक पटक रकमान्तर गर्ने प्रवृत्तिले बजेट अनुशासन कायम हुने देखिएन ।

३. **बार्षिक प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(५) मा प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने र दफा ४५ मा तोकिएको अवधीमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन । वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तोकिएको अवधिमा तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

४. **जनशक्ति व्यवस्थापन -** मन्त्रालयको स्वीकृत दरबन्दी ५० रहेकोमा स्थायी २३, करारमा ७ गरी जम्मा ३० जना पदपूर्ति भई १८ रिक्त रहेको छ । मन्त्रालय र अन्तर्गत कार्यालयमा ३६२ दरवन्दी रहेकोमा २१० पदपूर्ति भई १५२ रिक्त रहेको छ । दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

५. **अनुदानको उपयोगिता -** जिल्ला कृषि विकास कार्यालय, रुकुम पश्चिमले विभिन्न कृषि उद्यमी व्यवसायी एवं उपभोक्तालाई उत्पादन प्रशोधनसँग सम्बन्धित मेसिन उपकरणहरू उपलव्ध गराउने बार्षिक कार्यक्रम अनुसार मेसिन उपकरण खरिद गरेकोमा वितरण भएको छैन । मेसिन संचालनको लागि तीन फेजको विद्युत शक्तिको आवश्यकता पर्ने मेशिन खरिद भएकोमा उपकरण वितरण त्यसमा उक्त क्षमताको विद्युत जडान भएको छैन । बीउ उत्पादन तथा प्रशोधन भवन निर्माण गर्न रु.२१ करोड ४८ लाख ५५ हजार, सानीभेरी जन प्रवाह कृषि सहकारी संस्थालाई बेसार प्रशोधन मेसिन सञ्चालन

गर्न रु.१८ करोड ९६ लाख २ हजार, त्रिवेणी गाउँपालिका अदुवा प्रशोधन उपभोक्ता समितिलाई अदुवा प्रशोधन मेसिन संचालन गर्न रु.५ करोड ५५ हजार, सानीभेरी जन प्रवाह कृषि सहकारी संस्थालाई र जहारी खोला नमुना कृषि सहकारी संस्था चौरजहारीलाई सिड्स जर्मिनेशन विथ इन्कुबेटर संचालन गर्न रु.१२ करोड ९८ लाख ९३ हजार समेत रु.५८ करोड ४३ लाख ५० हजारको मेशिन खरिद गरी उपलब्ध गराएको छ । मेशिनहरूको गुणस्तर, परिचालन क्षमता बिश्लेषण भएको छैन । उपकरणहरू विद्युत शक्तिको अभावमा परिचालित नभई उपयोगविहीन हुने जोखिम कायमै रहेकोले आवश्यकता, प्राथमिकता र उपयोगिताको आधारमा सार्वजनिक स्रोतको परिचालन गर्नुपर्दछ।

६. **ब्याज अनुदान -** मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार ८ जिल्लाका १५१ उद्यमीले रु.३१ करोड ५७ लाख विभिन्न वित्तीय तथा सहकारी संस्थावाट ऋण लिई उद्योग सञ्चालन गरेको उल्लेख गरी यो वर्ष रु.७५ लाख ३९ हजार व्याज अनुदान दिएको छ । उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालन गरेको सुनिश्चित हुने तथा कार्यविधिले तोके अनुसारको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस गरेको छैन । उद्यमीको व्यवसायजन्य क्रियाकलापले औद्योगिक उत्पादन एवं रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन समेत गरेको छैन । मन्त्रालयवाट अनुदानको नियमित अनुगमन गरी उपलब्ध गराएको ऋण तोकिएको प्रयोजनमा प्रयोग भएको सम्बन्धमा उपलव्धी मापन हुनुपर्दछ ।

७. **व्यक्ति र नाफामूलक संस्थालाई अनुदान -** अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं.१४ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायबाट कम्तिमा त्रैमासिक र समन्वय समितिले चौमासिक रुपमा अनुगमन गर्नुपर्ने, मन्त्रीको अध्यक्षतामा बस्ने बैठकमा कम्तिमा त्रैमासिक रुपमा समिक्षा गर्ने, अनुदान वितरणसँग सम्बन्धित सम्पूर्ण कार्य प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । कृषि विकास निर्देशनालय, सुर्खेतले यो वर्ष २२२ व्यक्ति तथा नाफामूलक संस्थालाई रु.३ करोड २९ लाख ३२ हजार अनुदान दिएको छ । निर्देशनालयबाट बितरण भएको अनुदानको अभिलेख राखी पारदर्शी बनाएको छैन । साथै उपयोग सम्बन्धमा अनुगमन गरी प्राप्त उपलव्धी मापन गरेको छैन। अनुगमन प्रभावकारी बनाई दोहोरोपना नहुने गरी पूर्ण सदुपयोग हुने व्यवस्था मिलाउनुपर्दछ ।

८. **अनुगमन -** यो वर्ष मन्त्रालय र मातहतका कार्यालयले कृषि उपकरण, वीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया वितरण लगायत २१ कार्यालयलाई रु.१३ करोड ६२ लाख ८४ हजार अनुदान खर्च लेखेको छ । यस्तो अनुदान संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना लगायत विभिन्न आयोजनाका साथै प्रदेश सरकार मन्त्रालय मातहतका निकाय र स्थानीय तहले समेत प्रदान गरेको अवस्था छ । अनुदानको वितरण तथा उपयोगको सम्बन्धमा अन्तर निकाय समन्वय गरी अभिलेख राखेको छैन । मन्त्रालयले कृषि अनुदान सम्बन्धी कार्यविधि बनाए पनि लक्षित कृषकलाई सुसूचित नगरेको, अनुदान प्रदान गर्दा स्थानीय तहसँग समन्वय नभएको जस्ता कारण अनुदान उपयोग अपेक्षाकृत देखिएको छैन । आयस्तर तथा रोजगारी वृद्धि हुने एवं नतिजामुखी क्षेत्रमा कृषि तथा पशु अनुदानको उपयोग गर्नुपर्दछ ।

कृषकलाई उन्नत जातको गाई वितरण गर्ने कार्यक्रम राखी भेटनरी अस्पताल तथा पशु सेवा कार्यालय दैलेखले १०० गाईको लागि ग्रामीण कृषि बहुउदेश्यीय संस्थालाई रु.७० लाख अनुदान दिएको छ। होलिस्टेन जर्सी गाई वितरण गर्ने उल्लेख गरी प्रस्ताव पेस गरेको, अनुदान बाहेक बाँकी रकम सहकारी संस्थाले व्यहोर्ने उल्लेख गरे पनि उक्त प्रजातिका गाई वितरण नगरेको, कृषकबाट जनही रु.१५ हजार माग गरेको, पालिकाबाट समेत सोही प्रयोजनमा रु.५ लाख अनुदान लिएको छ। उन्नत जातको १० लिटरसम्म दुध दिने गाई खरिद गर्ने उल्लेख भएकोमा २ लिटर मात्र दुध दिने स्थानीय गाई खरिद गरी वितरण गरेकोले कृषकले अपेक्षित प्रतिफल प्राप्त गर्न सकेका छैनन् । यस सम्बन्धमा तालुक निकायले यथार्थता छानविन गरी उक्त अनुदान फिर्ता गर्नुपर्दछ ।

९. **विषादी विश्लेषण प्रयोगशाला -** कृषि विकास निर्देशनालय र एक तरकारी सङ्कलन केन्द्रबीच लागत अनुमान रु.५८ लाख ५ हजार रहेको द्रुत विषादी विश्लेषण प्रयोगशाला बनाउन रु.४७ लाख ५० हजार अनुदान र बाँकी लागत सम्बन्धित संस्थाले व्यहोर्ने गरी सम्झौता भएको छ । तरकारी संकलन केन्द्रको नाममा रहेको जग्गामा भवन बनाउने गरी ५० वर्षका लागि लिजमा लिएको छ । सम्झौतामा लिज भुक्तानी सम्बन्धी व्यहोरा उल्लेख साथै लिज अवधिसम्म जग्गा बिक्री नहुने अवस्था यकिन गरेको छैन । उक्त जमिनमा भवन निर्माण प्रक्रिया शुरु भएको छैन । दीर्घकालिन योजना तयार नगरी प्रयोगशाला स्थापना अनुदान दिएको उचित देखिएन । अनुदानको प्रभावकारी उपयोगमा जोड दिनुपर्दछ ।

कृषि विकास कार्यालयहरू

१०. **आंशिक मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले गरेको कामको प्राविधिक जाँचपास गराई कार्य सम्पन्न प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। जिल्ला कृषि विकास कार्यालय, हुम्लाले तीन फर्मलाई अनुदान वितरण गर्दा सम्झौतामा ५० प्रतिशत कार्यालयको तर्फबाट र ५० प्रतिशत अनुदान पाउने संस्थाबाट लागत सहभागिता हुनेगरी चक्लावन्दी खेती प्रसारण कार्यक्रमको लागि सम्झौता गरेको छ । एक कृषि, पशु तथा वन सहकारीलाई रु.८ लाख, एक कृषि तथा पशुपालन फर्मलाई रु.१ लाख ९ हजार र एक पशुपालन कृषि तथा सहकारी उद्योगलाई रु.१ लाख ८८ हजार समेत रु.१० लाख ९७ हजारको काम नगरी भुक्तानी गरेको छ। सम्झौता अनुसारको कार्य मूल्याङ्कन नभई भुक्तानी भएको रकमको यथार्थता यकिन गरी असुल गर्नुपर्दछ ।

११. **बढी भुक्तानी -** साझेदारीमा आधारित एक स्थानीय तह एक कृषि बाली उत्पादन विशेष कार्यक्रमका लागि कृषि विकास कार्यालय, जुम्लाले स्थानीय तहसँग गरेको सम्झौताको बुदा नं.२ मा लागत अनुमानको ७० प्रतिशत कार्यालयले र ३० प्रतिशत सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख छ। उपलब्ध गराउने अनुदान रकम कार्यालय समक्ष बिल भर्पाइ पेस भएपश्चात अनुपात निर्धारण गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । कार्यालयले चार योजनामा सम्झौता अनुसार नभएको कामको समेत अनुपात निर्धारण गरी भुक्तानी दिएकोले वढी भुक्तानी रु.८ लाख ४६ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

कार्यालयले १३ उपभोक्ता समितिलाई वास्तविक कामको आधारमा भुक्तानी दिनुपर्नेमा लागत अनुमानमा उल्लेखित फलामको परिमाण भन्दा बढी परिमाण विलमा चढाई वास्तविक खरिद भन्दा रु.८ लाख १६ हजार वढी भुक्तानी दिएको छ । उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

१२. **काम नभई भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(१) मा उपभोक्ता समितिले मालसामान खरिदको कार्य गर्न सक्ने व्यवस्था देखिदैन । कृषि विकास कार्यालय, मुगुले यस वर्ष तिनमुखेदेखि लावावान्नासम्म सिंचाई योजनाको ६० एम.एम.को एच.डि.पि. पाइप खरिद र खन्ने, पुर्ने कार्यको लागि रु.२५ लाख अनुदान दिने गरी उपभोक्तासँग सम्झौता गरेको छ । निर्माण कार्यको प्राविधिक कार्यालयले रु.२८ लाख ८६ हजार मूल्याङ्कन गरेको छ । उपभोक्ता समितिले एक निर्माण सप्लायर्स प्रा.लि.बाट १ हजार मीटर पाइप खरिद गरी रु.१४ लाख ६९ हजारको कर विजक र निर्माण स्थलसम्म १ हजार मीटर पाईप ढुवानी गरेको भरपाई पेस गरेको आधारमा कार्यालयले रु.२२ लाख २० हजार भुक्तानी गरेको छ । कार्यालयको २०७८।३।२५ को प्रतिवेदनमा पाइप खरिद भए पनि जडान हुन वाँकी रहेको उल्लेख छ । पाइपको लागि खाल्डो खन्ने पुर्ने काम सम्पन्न नहुदै रु.९ लाख ४९ हजार मूल्याङ्कन भई भुक्तानी भएको छ भने खरिद गरेको पाईप प्रयोग नभई मौज्दात रहेको छ । कार्य सम्पन्न नहुँदै भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१३. **नमूना गाउँ निरन्तरता र विस्तार -** छाँयानाथ रारा नगरपालिका वडा नं. ५, ८, १०, ११ र १३ मा संचालित सहकारी नमुना गाउँ निरन्तरता तथा विस्तार कार्यक्रम मार्फत सहकारीमा आवद्ध सदस्यको रोजगारी श्रृजना गरी थप सक्षम वनाउने उद्देश्यका साथ २०७६।७७ मा संचालन भएको कार्यक्रममा गत वर्ष भुक्तानी दिन वाँकी कच्चावारीको आधारमा यस वर्ष रु.१५ लाख ३० हजार भुक्तानी गरेको छ । कार्यक्रमको कुल लागत रु.६५ लाख रहेकोमा कृषि विकास कार्यालय, मुगुले रु.५० लाख व्यहोर्ने गरी सम्झौता भएकोमा गत वर्षको रु.३१ लाख ५ हजार समेत कुल रु.४६ लाख ३५ हजार भुक्तानि गरेको छ ।

कृषि विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति सदस्य सहितका प्रतिनिधिले अनुगमन गरी दिएको प्रतिवेदन अनुसार कृषि उपज सङ्कलन केन्द्रको मर्मत तथा सञ्चालन, टेम्पु खरिद र ओखर खेती कार्य क्रमशः रु.१ लाख ५ हजार, रु.५ लाख २० हजार र रु.४ लाख २१ हजार समेत रु.१० लाख ४६ हजारको कार्य नगरेको उल्लेख हुँदा पनि पुरै रकम भुक्तानी गरेको छ । नगरेको कामको भुक्तानी रकम असुल हुनुपर्दछ ।

१४. **बीउ पूँजी संरक्षण -** आय आर्जन कृषि कार्यक्रम सञ्चालन गर्न बीउ पूँजी उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७ को बुँदा ३ मा बीउपूँजी कोषबाट आलोपालो सापटी लिई बाली, पशुपालन, बीउ उत्पादन व्यवसाय तथा अन्य सीपमूलक व्यवसाय सञ्चालन गर्ने र आवश्यकता अनुसार बीउ पूँजी कोषमा जम्मा रकमको पाँच प्रतिशत खर्च गरी सीप विकास तालिम सञ्चालन गर्ने उल्लेख छ। कृषि विकास कार्यालय, रुकुम पश्चिमले निर्देशिका अनुसार जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइते, अपाङ्गता भएका र शहिद परिवारको आयआर्जन क्रियाकलाप सञ्चालन गर्न ६ पालिकाका १ हजार ६ सय ४६ लाभग्राही छनौट गरी रु.३० हजारका दरले रु.४ करोड ९३ लाख ८० हजार बीउ पूँजी उपलब्ध गराएको छ । उक्त बीउपूँजी संरक्षणका सम्बन्धमा कुनै मापदण्ड

बनाएको छैन । कार्यविधि अनुसार आय आर्जन तथा कोष व्यवस्थापन गरी बिउपूँजीबाट निर्देशिकाले निर्देशित गरे अनुसार खर्च भए नभएको अनुगमन गरी कोषको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने भएमा र वढी दक्षता आवश्यक पर्ने भएमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक माध्यमबाट परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालय, रुकुम पश्चिमले भेरीखोला चुनथाम लिफ्ट सिंचाइ योजना, चाखले पातल क्वामा खोला उदिनढुङ्गा किकरावाङ सिंचाइ योजना र कृषि विकास कार्यालय भवनको डी.पी.आर.कार्यमा प्रतिस्पर्धा नगराई सोझै एकै परामर्शदातावाट डि.पि.आर. तयार गरी रु.४२ लाख ९९ हजार भुक्तानी गरेको छ । स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यका लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । परामर्श सेवा लिई विस्तृत आयोजना प्रतिवेदन तयार गरेका कार्यक्रम कार्यान्वयनमा गएको देखिएन । प्रतिफल प्राप्त नहुने क्षेत्रमा परामर्श सेवामा खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

- **बेरुजुको स्थिति** - मन्त्रालयको रु.३ करोड ८१ लाख १३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फस्यौंट हुन नसकी सोही रकम नै बेरुजु बाँकी रहेको छ । सोमध्ये रु.४० लाख १९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापनका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरी नीति तथा कानुन, मापदण्ड अनुरुप गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका समेत २६ कार्यालयको विनियोजन रु.७ अर्ब ८४ करोड ३८ लाख ५० हजार, राजस्व रु.२० करोड ६६ लाख २४ हजार, धरौटी रु.६४ करोड ५ लाख ६९ हजार र अन्य कारोवार रु.२५ लाख ७८ हजार समेत रु.८ अर्व ६९ करोड ३६ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने २२ कार्य जिम्मेवारी मध्ये प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पूर्वाधार निर्माण गर्ने कार्य रहेकोमा यस सम्बन्धी योजना तर्जुमा गरेको देखिएन । प्रादेशिक सडक सञ्जाल गुरुयोजना वनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गर्नुपर्नेमा गरेको छैन । स्रोत साधनको व्यवस्थापन गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** प्रदेशको नीति तथा कार्यक्रम र वर्षको बजेट वक्तव्यमा उल्लेख भए अनुसार लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था लागू नभएको, प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन एवं अधिकार सम्पन्न संरचना निर्माण गरी संचालनमा ल्याइने नीति कार्यान्वयन नभएको, प्रदेश सरकारले रु.१ करोडभन्दा बढी लागत अनुमान भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था गरेकोमा टुक्रे योजनामा समेत बजेट विनियोजन भएको, पूर्वाधार र विकासका लागि कर्णाली पूर्वाधार बैङ्क स्थापना नभएको र परियोजना बैङ्क र ईन्जिनियरिङ्ग कम्पनी स्थापना गरी तत्काल कार्य प्रारम्भ गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन । नीति तथा कार्यक्रम र बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गरी बजेटको प्रभावकारिता वृद्धि गर्नुपर्दछ ।

३. **अख्तियारी -** प्रदेश आर्थिक कार्यविधी नियमावली, २०७५ को नियम ३३(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको ७ दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनुपर्ने उल्लेख छ । मन्त्रालयले शुरू अख्तियारी २०७७।०४।०२ मा पठाएकोमा रकमान्तरवाट बजेट थप गरी आषाढमा मात्र रु.४१ करोड १७ लाख ५६ हजारको अख्तियारी दिएको छ । आर्थिक वर्षको अन्तमा निकासा गरेको बजेटबाट प्रचलित कानुनको प्रक्रिया पुरा गरी खर्च गर्ने अवस्था नहुँदा खरिद कार्य टुक्रा टुक्रा गर्ने गरेको साथै अनुगमन प्रभावकारी हुन नसकेको अवस्था छ । तोकिएको समयमानै अख्तियारी प्रदान गर्नुपर्दछ ।

४. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९७ मा तोकिए बमोजिम लेखा र आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । अन्तर्राष्ट्रिय विकास सहायता

परिचालन नीति, २०७६ को २.४ को (ङ) मा राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता लिने उल्लेख छ । ग्रामीण पहुँच कार्यक्रम तेस्रो चरण परियोजनाबाट मुगुको सदरमुकाम गमगढी देखि हुम्ला जिल्लाको दार्मासम्म ६७ किलोमिटर मुगु हुम्ला लिङ्क सडकको लागि रु.७० करोड ४८ लाख बजेट विनियोजन भएकोमा शतप्रतिशत खर्च भएको विवरण पेस भएको छ। परियोजनाको व्यवस्थापन गर्न डि.एफ.आई.डि.ले एक ईन्टरनेशनल कम्पनीलाई जिम्मा दिने सम्झौता अनुसार सोझै भुक्तानी गरिएको रकमको लेखापरीक्षण गराएको छैन ।

५. **जनशक्ति व्यवस्थापन** - मन्त्रालयको स्वीकृत दरबन्दी ३२ रहेकोमा ३ ईन्जिनियर, ४ हलुका सवारी चालक र २ कार्यालय सहयोगी समेत ९ जना करारमा र १८ जना स्थायी गरी जम्मा २७ जना पदपूर्ति भई ५ रिक्त रहेका छन् । मन्त्रालय अन्तरगत २२१ दरवन्दी रहेकोमा १४८ पदपूर्ति भई ७३ रिक्त रहेको छ। विकास निर्माण र पूर्वाधारको कार्य गर्ने मन्त्रालयमा दरबन्दी रिक्त रहेकोले कार्य सम्पादनमा प्रभाव पर्न गई विनियोजित बजेटको ६२ प्रतिशतको हाराहारीमा मात्र खर्च भएकोले दरबन्दी अनुसारको पदपूर्ति गरी विकास निर्माण कार्यमा प्रभावकारिता ल्याउनुपर्दछ ।

६. **कार्यालय सञ्चालन-** मन्त्रालयले लक्षित वर्गमा सेवा पुऱ्याउन कार्यसम्पादन छिटो छरितो बनाउनुपर्दछ। रुकुम पश्चिम जिल्लाको चौरजहारीमा २०७६।५।२६ मा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरेको छ । सेवा कार्यालय स्थापना भएपछि यस आर्थिक बर्षमा कर्मचारीको तलब भत्ता लगायत कार्यालय सञ्चालनमा रु.४७ लाख १ हजार खर्च भएको छ । कार्यालयबाट सेवाग्राही लाभान्वित हुने गरी यातायात व्यवस्था सम्बन्धी कार्यसम्पादन भएको छैन । संरचना थप गरी उपयोगविहीन बनाउनु औचित्यपूर्ण देखिएन ।

७. **दीगो विकासको लक्ष्य** - नेपालले दीगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ। मन्त्रालयले संचालन एवं सम्पन्न गरेका सडक, सिंचाई, खानेपानी एवं आवास लगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगत रूपमा दिगो विकासका लक्ष्यहरू तोकि स्वीकृत गरेको देखिएन । मन्त्रालयले परिमाणात्मक लक्ष्य तोकि कार्यक्रममा समावेश गर्नुपर्दछ ।

८. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उप शीर्षकमा वचत हुने रकम मध्येवाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्ने शीर्षकको २५ प्रतिशतभन्दा वढी नहुने गरी तोकिए बमोजिम रकमान्तर गर्न सक्ने व्यवस्था छ। यस वर्ष मुख्यमन्त्री र मन्त्री स्तरीय निर्णयवाट मन्त्रालयमा २४ पटकमा रु.८३ करोड ९ लाख ३५ हजार र मातहतका कार्यालयको ४६ पटकमा सचिव, मन्त्री र मुख्य मन्त्रीको निर्णयले रु.१ अर्व ३३ करोड १६लाख ७७ हजार समेत रु.२ अर्व १६ करोड २६ लाख २२ हजार अर्थात २७.५७ प्रतिशत रकमान्तर गरेको छ । बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने र बजेट कार्यान्वयन समयावधिको कारण खर्च उपलब्धी सार्थक हुने देखिदैन। संसदीय निगरानी बाहिर रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९. **अवण्डा रकम -** प्रदेश सभाबाट २०७७।३।२९ मा पारित बजेटमा मन्त्रालय मातहत रू.१ अर्ब २१ करोड १४ लाख अवण्डा राखी विभिन्न मितिमा तजविजी अधिकार प्रयोग गरी मातहतका कार्यालयमा रू.९४ करोड ५९ लाख ४१ हजार निकासा गरेको छ। बजेट निकासा गर्दा कार्यक्रम खुलाई लक्ष्य तोकेर खर्च गर्न आदेश दिनुपर्नेमा सो अनुसार गरेको छैन। अवण्डा राखी तजविजी किसिमले बजेट विनियोजन र खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

१०. **पाइप मौज्दात -** खानेपानी आयोजनाका लागि पुरानो मौज्दात यकिन नगरी पुनः मौज्दातमा रहने गरी पाइप खरिद गरेको देखियो । गत वर्ष मौज्दात रहेका र यस वर्ष खरिद भएका विभिन्न साईजका पाईपमध्ये खानेपानी, सिंचाइ तथा उर्जा विकास, सुर्खेतमा रु.३ करोड ३५ लाख ४२ हजारको पाईप र रु.२९ लाख ५६ हजारको फिटिङ, खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय,सल्यानमा रु.८२ लाख ९० हजारको पाइप र रु.१ करोड ९ लाख ३८ हजारको फिटिङ, जुम्लामा रु.८ लाख ६१ हजारको पाइप, रुकुम (पश्चिम) मा रु.५७ लाख ७९ हजारको पाईप र रु.२ करोड १४ लाख ३४ हजारको फिटिङ र मुगुमा १४ लाख ३९ हजारको फिटिङ समेत रु.४ करोड ८४ लाख ७२ हजारको पाईप र रु.३ करोड ६७ लाख ११ हजारको फिटिङ मौज्दातमा रहेकोले आवश्यकताको आधारमा मात्र सामग्री खरिद गर्ने र मौज्दात रहेका सामग्रीहरू सम्बन्धित आयोजनामा प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ ।

११. **पाइप जडान -** खरिद गरिएको निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च प्रमाणित हुनसक्ने देखिदैन । यो बर्ष खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय, सुर्खेतले रु.३१ लाख ७१ हजार खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय,सल्यानले रु.१ करोड २ लाख ११ हजार, हुम्लाले रु.२१ लाख ४३ हजार, मुगुले रु.६१ लाख ५६ हजार र रुकुमपश्चिमले रु.३६ लाख ८२ हजार समेत रु.२ करोड ५३ लाख ६३ हजारको २ लाख ५४ हजार ९८ मिटर पाईप जडान हुन सकेको छैन । रुकुम पश्चिमले रु.९३ लाख ७८ हजारको पाइप प्रयोग पश्चात नापी किताबमा चढाई जिन्सी खाताबाट खर्च घटाउनुपर्नेमा नापी किताबमा नजनाई खर्च घटाएको छ। जिन्सी खाताबाट खर्च देखाएतापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाईप खर्च पुष्टि हुने स्थिति छैन ।पाईप उपयोगको अवस्थाको पुष्टि हुनुपर्दछ ।

१२. **पाईप सापटी -** खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालयहरूले उपलव्ध गराएको विवरण अनुसार खानेपानी, सिंचाइ तथा उर्जा विकास निर्देशनालय, सुर्खेतले विभिन्न आयोजनामा रु.४२ लाख ६ हजारको ४५ हजार ११४ मिटर र खानेपानी, सिचाइ तथा उर्जा विकास कार्यालय,सल्यानले रु.५६ लाख ८७ हजारको ७८ हजार ५०५ मिटर समेत रु.९८ लाख ९३ हजारको पाईपहरू अन्य आयोजनाबाट सापटी ल्याई खर्च गरेको छ । अन्य आयोजनाको लागि खरिद भएको पाईप सापटी ल्याई प्रयोग गर्दा ती आयोजनाको कार्य प्रगति प्रभावित हुनसक्ने देखिएको छ। पाईप प्राप्ति, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेस गरी सापटी जनाइएका पाइपको व्यवस्थापन एवं प्रयोग भएको सुनिश्चित हुनुपर्दछ ।

१३. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मका लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन

सकिने व्यबस्था रहेको छ । खानेपानी, सिंचाइ तथा उर्जा विकास निर्देशनालय, सुर्खेतले दुई उपभोक्ता समितिबाट रु.१ करोड ६१ लाख ४४ हजार, खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, मुगुले एक उपभोक्ता समितिबाट रु.१ करोड १ लाख ३५ हजार र जुम्लाले २ उपभोक्ता समितिबाट रु.२ करोड ९२ लाख २७ हजार, जाजरकोटले रु.१ करोड ४८ लाख ७८ हजार समेत रु.७ करोड ३ लाख ८४ हजार को सिंचाई तथा खानेपानी सम्बन्धी काम गराई भुक्तानी दिएको छ । तोकिएको सीमासम्मको निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ । थप व्यहोरा निम्न अनुसार छन्:

१३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(क)(१) मा रु.६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान खुलाउनुपर्ने उल्लेख छ । माथि उल्लेखीत कामको लागि योगदानको अंक पाँच प्रतिशत एकमुष्ट कट्टा गरी काम गराएको छ । नियमको व्यवस्था अनुसार संझौतामानै उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान किटान गर्नुपर्दछ ।

१३.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । खानेपानी, सिँचाइ तथा उर्जा विकास निर्देशनालय, सुर्खेतले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका पुल, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखिन्छ । निर्देशनालयले २०४ उपभोक्ता समितिबाट यस वर्ष सिँचाई कुलो, नदीनियन्त्रण जस्ता कार्य गराई कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.२२ करोड ५६ लाख ५५ हजार भुक्तानी दिएको छ । जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

१३.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नहुने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, सुर्खेत र सल्यानले २७ उपभोक्ता समितिसँग नयाँ बाटो निर्माण गर्न र स्तरोन्नति गर्न सम्झौता गरी कार्यादेश दिएकोमा उपभोक्ताले आफैं नगरी सव कन्ट्रयाक्टरबाट कार्य गराएको छ । उपभोक्ताले पेस गरेको बिल परीक्षण गर्दा सडक निर्माणको कार्य म्यानुयल पद्दति अर्थात ज्यामी प्रयोग नगरी मेशिनवाट गराएको छ । मेशिनबाट काम गराउँदा मेशिन प्रयोगको आधारमा नापी गर्नुपर्नेमा म्यानुयल काम गराइएको देखाई रु.६६ लाख ३६ हजार वढी भुक्तानी गरेको रकम उपभोक्ताबाट असुल हुनुपर्दछ ।

१४. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायले सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश मन्त्रालयहरूले नर्म्स तयार गरेका छैनन् । यस वर्ष खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय अन्तर्गतका तीन निकाय जुम्ला, डोल्पा र रुकुम पश्चिमले योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रु.१ करोड ८९ लाख ७ हजार र पूर्बाधार कार्यालय अन्तर्गत ६ निकाय (कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, मुगु र रुकुम पश्चिम) ले रु.७ करोड ५६ लाख ५ हजार समेत रु.९

करोड ४५ लाख १२ हजार भुक्तानी गरेको छ ।उल्लिखित कार्यालयले नर्म्स वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखिन्छ । नर्म्स तर्जुमा गरी व्यवस्थित गर्नुपर्दछ ।

१५. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) अनुसार सार्वजनिक निकायले ५ लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको खरिद शिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट गर्नुपर्ने ब्यवस्था छ । खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालयतर्फ डोल्पा र रुकुम पश्चिम तथा पूर्वाधार बिकास कार्यालय अन्तर्गत जुम्ला र डोल्पाले टुक्रा टुक्रामा प्याकेज बनाई रु.४ करोड ३४ लाख १८ हजार, खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, कालिकोटले ९ टुक्रामा रु.१ करोड २२ लाख ६६ हजारको खानेपानी संरचना, विद्युत पोल खरिद तथा सडक निर्माणको काम सिधै गराएको छ । नियमको व्यवस्था पालना गरी खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी बनाउनु पर्दछ ।

१६. **अधुरा ठेक्का -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचमै छाडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी पेस्की र कार्यसम्पादन जमानी जफत गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने, बाँकी काम सम्झौता गर्नेको खर्चबाट पूरा गराउने र कालोसूचीमा राख्र लेखी पठाउने लगायतको व्यवस्था छ ।पूर्वाधार विकास निर्देशनालय सुर्खेतको रु.१ अर्ब ३ करोड ४ लाख ७ हजारका ४७ योजना र खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय जाजरकोटको रु.१२ करोड २० लाख ७० हजारका ठेक्का तोकिएको समयमा सम्पन्न हुन नसकी अधुरो रहेका छन् । लामो समयदेखि काम अधुरो रहँदा लगानीको प्रतिफल प्राप्त नहुने ठेक्का संख्या वृद्धिसँगै ठेक्का व्यवस्थापन जटिल हुने र पेस्की फर्स्यौट नहुने जोखिम हुने भएकोले नियमावलीको व्यवस्था कार्यान्वयन गरी अधुरा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१७. **मुख्यमन्त्री रोजगार कार्यक्रम -** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अन्तर्गत काम गर्ने श्रमिकलाई बैङ्कमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ९ उपभोक्ता समितिवाट काम गराएकोमा श्रमिकलाई बैङ्क मार्फत भुक्तानी गरेको छैन । साथै पेस भएको फाँटवारीमा श्रमिकले रकम वुझेको भर्पाई संलग्न गरेको छैन । कार्य गरेवापत श्रमिकले रु.१ करोड ७ लाख ६४ हजार बुझेको पुष्टी हुने प्रमाण पेस हुनुपर्दछ ।

१८. **म्याद थपको अवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको कार्य सम्पन्न गर्न नसकिने भएमा म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले अधिकांश ठेक्काको म्याद थप गर्दा कोभिड-१९ महामारीलाई आधार बनाएको छ । संझौता अनुसार संशोधित कार्यतालिका पेस नगरेको, म्याद थप गर्नुपर्नाको पूर्व जानकारी नदिएको साथै निर्माण व्यवसायीको कारणबाट ढिलाई भई पूर्वानिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा पनि क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको छ । यो वर्ष २०७५।७६ मा संम्झौता भएका २०, २०७६।७७ मा संम्झौता भएका २९ र २०७७।७८ मा सम्झौता भएका ४ योजना गरी रु.९७ करोड ९३ लाख ५ हजारको सम्झौताको म्याद थप भएको छ । कोभिडको

कारण देखाई पटक पटक म्याद थप गर्दा समेत निर्माण व्यवसायीलाई सम्झौता बमोजिम कारवाही नगरी थप अवधिमा कार्यसम्पन्न हुन सकेको छैन । निर्माण कार्यमा उल्लेख्य प्रगति नहुँदा समेत पटक पटक म्याद थप गरेको औचित्यपूर्ण देखिएन ।

१९. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण कार्य सुम्पिएको मितिदेखि हस्तान्तरण र त्रुटि सच्याउने अवधि समेट्ने गरी बीमा गराउनुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, सल्यानले ठेक्काबाट कार्य गराँउदा बि.ओ.क्यू.आईटममा नै पि.एस.तथा जनरल आइटमको रुपमा बीमाको व्यवस्था गरेको छ । ८ निर्माण व्यबसायीबाट सडक निर्माणको क्रममा त्रुटि सच्चाउने अवधिसम्मको बीमा नभएको तथा म्याद थप गर्दा कार्यालयले त्रुटी सच्याउने अवधिसम्मको बीमाको म्याद थप गरेको छैन । निर्माण व्यवसायीले बीमा नगराएको तथा त्रुटि सच्याउने अवधिसम्म म्याद थप नभएको अवस्थामा भुक्तानी भएको रु.१० लाख २८ हजार असुल गर्नुपर्दछ ।

२०. **विद्युत पोल खरिद र उपयोग -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४५(ङ) मा सरकारी सम्पतिको लगत दुरुस्त अद्यावधिक गरी संरक्षणको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । यस वर्ष खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय, दैलेखबाट रु.८ करोड ८९ लाख ७९ हजारका विद्युत पोलसहित विद्युत सामग्री खरिद गरी ८ पालिकालाई वितरण गरेको छ । वितरण गरिएका सामग्री जडान सम्बन्धी प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पेस भएको छैन । वितरण गरिएका विद्युतपोल तथा सामग्री सम्बन्धित पालिकामा दाखिला गरेको छैन । प्राप्त सामग्री नियमानुसार जिन्सी दाखिला गरी प्राविधिक मूल्याङ्कन प्रतिवेदन सहितको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

खानेपानी, सिँचाई तथा उर्जा विकास कार्यालय, रुकुम पश्चिमले विभिन्न क्षेत्रमा विद्युत लाइन विस्तार गर्न बोलपत्र मार्फत छनौट भएका ६ सप्लायर्सबाट आपूर्ति गर्नेगरी रु.१ करोड ३६ लाख ९४ हजारमा को ठेक्का स्वीकृत गरेको छ । उक्त ठेक्का पश्चात पटक पटक गरी पुनः १३ पटक रु.१ करोड ६९ लाख ७० हजारको विद्युत पोल स-साना टुक्रा गरी खरिद गरेको छ । स-साना प्याकेजमा पाँचलाख भन्दा कममा टुक्रा बनाई खरिद गरेको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार भएको छैन । नियम अनुसार हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

२१. **निर्माण बेगर भुक्तानी -** पूर्वाधार विकास कार्यालय, हुम्लाले चार निर्माण व्यवसायीलाई निर्माण कार्यको विल वापतको रकम रु.७ लाख ९५ हजार भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी गर्दा प्राविधिकको सिफारिसमा भए गरेका वास्तविक कामको लागत र वीलको आधारमा भुक्तानी गर्नुपर्नेमा निर्माण कार्य वेगर भुक्तानी गरेको छ । उक्त रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

२२. **स्रेस्ता पेस नभएको -** प्रदेश आर्थिक कार्यबिधि नियमावली,२०७५ को नियमको ३७(३) मा रकम खर्च गर्दा खर्चको बिल भर्पाईसहित लेखा राख्नुपर्ने ब्यवस्था छ। पूर्वाधार विकास कार्यालय, हुम्लाले सर्केगाड गाँउपालिकालाई रु.१ करोड ५९ लाख १३ हजार र अदानचुलि गाँउपालिकालाई रु.१ करोड १६ लाख ६० हजार समेत रु.२ करोड ७५ लाख ७३ हजार बित्तीय उत्तरदायित्व सहित

खर्च गर्ने गरी निकासा दिएको छ । गाँउपालिकाले सो रकमको स्रेस्ता लेखापरीक्षणको लागि पेस गरेको छैन ।

२३. **आवास भवन निर्माण -** उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार हरेक व्यक्तिले आवास भवन निर्माण गरेको प्रगतिका आधारमा ४ किस्तामा रकम उपलव्ध गराउनुपर्नेमा पूर्वाधार बिकास कार्यालय, जुम्लाले ८ पालिकाका २५० व्यक्तिलाई आर्थिक वर्षको अन्तमा रु.१लाख ३ हजारका दरले रु.२ करोड ५७ लाख ७५ हजार समेत रु.४ करोड २१ लाख २५ हजार पेस्की उपलव्ध गराएको छ । सम्झौता अनुसार आवास भवन निर्माण कार्य गत वर्षमा सम्पन्न गर्नुपर्नेमा सम्बन्धित व्यक्तिले हालसम्म पनि निर्माण सम्पन्न गरी पेस्की फस्यौंट गरेको छैन । अनुगमन गरी सम्झौता बमोजिम कार्य प्रगतिको आधारमा पेस्की फस्यौंट गर्नुपर्दछ ।

२४. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बीजक वा रनिङ विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेस गर्नुपर्ने प्रावधान छ। पूर्वाधार विकास कार्यालय, जुम्लाले निर्माण कार्यको लागत अनुमान तयार गरी सडक लगायतका बिभिन्न कार्य गराएकोमा लागत अनुमानमा उल्लेख गरेको दर भन्दा बढी राखी सात उपभोक्ता समितिको बिल तयार गरी भुक्तानी गरेको र त्यसका आधारमा कार्य स्विकार प्रतिवेदन तयार गरेको छ । लागत अनुमानको दरभन्दा बढी दरमा रु.६० लाख ४० हजार भुक्तानी गरेको आधार नभएकोले सम्बन्धितवाट असुल गर्नुपर्दछ।

२५. **सम्झौता तथा भुक्तानी -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियमको ३७(३) मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पूर्वाधार बिकास कार्यालय, डोल्पाले एक परामर्शदातासँग सम्झौता गरेकोमा कर विजक नलिई अर्कै फर्मलाई रु.१८ लाख ७० हजार भुक्तानी गरेको छ । सम्झौता बमोजिम सम्बन्धित फर्मलाई भुक्तानी नगर्दा आयकर तथा मूल्य अभिवृद्धि कर सरकारी कोषमा जम्मा नहुने तथा सम्बन्धित फर्मको कारोबारको पारदर्शिता नरहने जोखिम रहेको छ। यस सम्बन्धमा छानविन गरी उक्त रकम दाखिला भएको प्रमाण पेस हुनुपर्दछ ।

२६. **मूल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (५) मा कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागज सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, डोल्पाले उपभोक्ता समितिबाट सडक वनाउने कार्य गर्दा डोजर प्रयोग गरेको अवस्थामा डोजर सेवा वापतको वीजक नलिई भाडा भुक्तानी गरेको छ । माझफाल रोलागाउँ सडक निर्माण उपभोक्ता समितिले रु.९० लाख ३० हजार, जगदुल्ला, काइगाउँ, मुडके चुला सडक उपभोक्ता समितिले रु.९६ लाख ३२ हजार, क्याटु साल्दाङ धो सडक उपभोक्ता समितिले रु.९४ लाख १४ हजार र धो-ताक्सी रापा साल्दाङ सडक उपभोक्ता समितिले रु.३४ लाख ९० हजार समेत कुल रु.३ करोड १५ लाख ८६ हजार भूक्तानी गर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर रु.३६ लाख ३४ हजार प्राप्त भएको देखिएन । त्यस्तै खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय डोल्पाले ३ व्यवसायीलाई हातले लेखेको नम्बर भएको विजकको आधारमा रु.१३ लाख ३७ हजार मुल्य अभिवृद्धि कर भुक्तानी दिएको छ । मुल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेस हुनुपर्दछ ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) बमोजिमको ढांचामा करविजक जारी गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, दैलेखमा ४ व्यवसायीले पेस गरेको विजकमा एउटै नम्बर र मितिको विजकको पटक पटक जारी गरेको देखिएकोले विजकको यथार्थता छुट्टाउन सक्ने आधार देखिएन । यस्ता विजकबाट संकलन गरिएको रु.५३ लाख १८ हजार मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेस हुनुपर्दछ ।

२७. **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्विकृत वोलपत्रदाताले निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तीमा एक महिना वढी अवधिको जमानत पेस गर्नुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, डोल्पाले ६ निर्माण व्यवसायीसंग खरिद संझौता गर्दा निर्माण कार्यको त्रुटी सच्याउने भन्दा कम अवधिको जमानत लिई रु.८ करोड ७२ लाख ७७ हजारको निर्माण कार्य गराएको छ । तोकिए भन्दा घटी समयको जमानत लिदा त्रुटी सच्याउने अवधी भित्र निर्माण कार्यमा नोक्सानी वा क्षति भएमा निर्माण व्यवसायीले त्रुटी नसच्याउने जोखिम रहने देखिन्छ । अतः नियमावलीको व्यवस्था तथा संझौताका शर्त अनुसार तोकिएको अवधिसम्मको कार्य सम्पादन जमानत लिनुपर्दछ ।

२८. **लागत सहभागिता** - पूर्वाधार विकास कार्यालय, डोल्पाले ट्रस निमार्ण तथा मेशनरी खरिद एवं ढुवानीको लागि २०७८।१।९ एक फलफुल तथा तरकारी उद्योगसँग रु.२० लाख ४८ हजारमा सम्झौता गरेको देखिन्छ । ट्रस निमार्णमा रु.११ लाख ६५ हजार र मेशिनरी खरिद तथा ढुवानीमा रु.८ लाख ८३ हजार समेत रु.१९ लाख ४७ हजार सम्बन्धित फर्मलाई भुक्तानी भएको छ । लागत साझेदारी बेगर निजी स्वामित्वको उद्योगमा पूर्वाधार विकासको बजेटबाट गराएको कार्य नियमसम्मत् देखिएन । साथै उक्त कार्यमा लागत साझेदारी अन्तर्गत कार्यक्रम सञ्चालन भए नभएको यकिन गरी ५० प्रतिशतभन्दा बढी भुक्तानी भएकोले रु.९ लाख २३ हजार असूल गरी संञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

पूर्वाधार विकास कार्यालय, मुगुले १० सडक योजनाको लागत अनुमानको न्यूनतम २० प्रतिशत व्यहोर्ने गरि उपभोक्ता समितिसँग सम्झौता गरेको छ ।उपभोक्ता समितिले कार्यालयवाट प्राप्त हुने सबै रकमको ठेक्का गरि कार्य गराएको छ । यसरी उपभोक्ताले कार्य गराउँदा उपभोक्ताको लागत सहभागिता देखिएको छैन। सम्झौता बमोजिम अनुपातिक रुपमा निर्माण व्यवसायीले पेस गरेको विलको कुल रकममध्ये उपभोक्ताको अंश कट्टा गरी बाँकी भुक्तानी गर्नुपर्नेमा बिल बमोजिम नै सबै रकम भुक्तानी भएकोले रु.७५ लाख ३९ हजार सम्बन्धित समितिसँग असुल गर्नुपर्दछ ।

२९. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेकाछन् ।

२९.१. पूर्वाधार विकास कार्यालय, दैलेखले रामाघाट ठाटिकाँध, सिंहासैनी, पिपलकोट, कालिकोट सडक र महावु अस्पताल भवन निर्माण गर्दा दुई निर्माण व्यवसायीलाई क्रमशः रु.४ लाख ३४ हजार र १८

लाख ४९ हजार समेत रु.२२ लाख ८३ हजार नापजाँच भन्दा बढी भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२९.२. ठेक्का विलमा उपभोक्ता समितिले खरिद गरेका सामग्रीको परिमाणको आधारमा रकम चढाइ सोही आधारमा भुक्तानी दिनुपर्दछ । खानेपानी, सिचाइ तथा उर्जा विकास कार्यालय, मुगु अन्तर्गतका तीन उपभोक्ता समितिले क्यानल निर्माण, तटबन्ध र ढुङ्गा फिलिङ्ग कार्यको काममा खरिद परिमाण भन्दा विलमा बढी परिमाण राखि रु.१२ लाख ७२ हजार वढी भुक्तानी लिएको छ । उक्त रकम उपभोक्ता समितिवाट असुल हुनुपर्दछ ।

उपभोक्ता समितिलाई भुक्तानी दिँदा दर विश्लेषण अनुसार आइटम वाइज गणना गरी भुक्तानी दिनुपर्दछ। सोही कार्यालयले १० उपभोक्ता समिति मार्फत सिँचाइ योजनाको काम गर्दा आर.सि.सि.आईटमको काम तोकिएको भन्दा बढी दरमा गराई रु.५४ लाख ७० हजार बढी भुक्तानी भएको छ । वढी भुक्तानी रकम उपभोक्ता समितिबाट असुल गरी प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालयहरू

३०. **रकम फिर्ता -** सशर्त कार्यक्रमबाट वर्षान्तमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय, हुम्लाले मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आय आर्जन कार्यक्रमबाट ३ गाउँपालिकालाई रु.३ करोड २६ लाख २ हजार निकासा गरेकोमा खर्च नभई बाँकी रहेको रु.२१ लाख ४१ हजार प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन। खर्च नभई बाँकी रहेको रकम फिर्ता गरी दाखिला गर्नुपर्दछ ।

३१. **योजना व्यवस्थापन -** कार्यालयबाट संचालित अधिकांश योजना न्यून बजेट भएका र छरिएका रहेको देखिन्छ। जलस्रोत तथा उर्जा विकास कार्यालय,जाजरकोटले पुँजीगततर्फ रु.३८ करोड ३४ लाख ९७ हजारका १ सय ८४ योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु.१ लाख भन्दा साना योजना १०, १ देखि रु.५ लाख सम्मका योजना २, रु.५ देखि १० लाख सम्मका ९, रु.१० देखि रु.२० लाख सम्मका ८२, रु.२० देखि रु.३० लाख सम्मका ३९, रु.३० देखि रु.५० लाख सम्मका १४ र रु.५० लाख भन्दा माथिका योजना २८ गरी कूल १९४ सञ्चालन गरेको देखियो । प्राथमिकताको आधारमा योजना छनौट तथा संचालन गर्नुपर्दछ।

३२. **विद्युत सामाग्री खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउने काम श्रममुलक प्रकृतिको हुनुपर्ने व्यवस्था छ । खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, जुम्लाले घट्टखोला जलविद्युत आयोजना उपभोक्ता समितिसँग विद्युतीय सामग्री खरिद सम्झौता गरेको छ । उपभोक्ता समितिले मालसामान खरिद गरेको बिल भरपाई पेस गरेको आधारमा रु.२८ लाख ८० हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले सोझै मालसामान खरिद गर्दा प्रतिस्पर्धा नहुनाका साथै नियमावलीको पालना हुने देखिएन ।

३३. **कर्णाली उज्यालो कार्यक्रम -** विद्युतको पहुँच नपुगेका कर्णाली प्रदेशका ग्रामीण बस्तीमा वैकल्पिक विद्युत सेवाको पहुँच पुऱ्याउने लक्ष्य सहित कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयनमा रहेको छ । खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, डोल्पाले कार्यक्रमको बजेटबाट एक साना जल विद्युत आयोजनमा रु.३९ लाख ३६ हजार खर्च गरेको कार्य कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार भएको छैन । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३४. **भेरिएशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा प्राविधिक पुष्ट्याई सहित भेरिएशन आदेश जारी गर्ने व्यवस्था छ । खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालय, रुकुम पश्चिमले चौरजहारी सिंचाई उप–आयोजनाको नहर निर्माणको संरचनाको मेशिनरी, कंक्रिट फाउण्डेशन, वोल्डर सोलिङ्ग र ग्याविन वक्स निर्माण कार्यको सूरु परिमाण भन्दा ७३ गुणा सम्म परिमाण वढाई कार्य गराएको छ । संम्झौताका वखत पूर्वानुमान गर्न सकिने रु.२० लाख ८९ हजारको ४ आइटममा मात्र ४३९ प्रतिशत सम्म वृद्धि हुनेगरी भेरिएशन गरी शुरु सम्झौता भन्दा रु.९१ लाख ७८ हजार बढी हुनेगरी भुक्तानी भएको छ । उच्च दरका कार्यको परीमाणमा वृद्धि हुनेगरी भेरिएशन गरेको औचित्यपूर्ण देखिएन । नियमावलीको प्रकृया पुरा गरी भेरिएशन गर्नुपर्दछ ।

- **बेरुजुको स्थिति -** मन्त्रालयको यो वर्ष रु.१ अर्ब २६ करोड ७८ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट १ निकायको रु.२० हजार फर्स्यौट भई रु.१ अर्ब २६ करोड ७८ लाख ४७ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रु.१६ करोड २४ लाख २१ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, स्वास्थ्य तथा जनसंख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रमरोजगार लगायतका ५८ कार्य रहेका छन् ।

यो वर्ष मातहतका ३२ कार्यालय समेतको विनियोजन रु.३ अर्ब ३० करोड ९९ लाख ७४ हजार, राजस्व रु.१ करोड ३४ लाख २८ हजार, धरौटी रु.७ करोड ३० लाख २० हजार र अन्य कारोबार रु.९ करोड ९२ लाख ८६ हजार समेत रु.३ अर्ब ४९ करोड ५७ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। त्यसैगरी अन्य संस्था र समितितर्फ १० निकायको रु.६५ करोड १६ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **ऐन, नियम तर्जुमा -** मन्त्रालयले तोकिएको कार्य जिम्मेवारी मध्ये शिक्षा, बालबालिकाको हक अधिकार संरक्षण, उपेक्षित उत्पीडित वर्ग, कर्णाली प्रदेश खेलकुद विकास, प्रदेश स्वास्थ्य सेवा, प्रदेश घरेलु हिंसा नियन्त्रण, कानुन, महिला, बालबालिका तथा सामाजिक सुरक्षा, प्रदेश स्वास्थ्य सेवा प्रवाह, छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन लगायतका कामसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका र कार्यविधिमा थप सुधार गरेको देखिएन। कानुन तर्जुमा तथा थप सुधार गरी कार्यसंचालन गर्नुपर्दछ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्यक्षेत्र र कार्य जिम्मेवारी तोकिएका ५८ कार्यमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, ध्वनि, हावाको गुणस्तर, समाज कल्याण र संघसस्था नियमन, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाको संरक्षण, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तु नियन्त्रण स्वास्थ्य प्रविधि सम्बन्धी नीति तथा कानुन निर्माण र नियमन गर्ने कार्य कार्यान्वयन गरेको देखिएन। साधन श्रोत व्यवस्थापन गरी क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।

३. **विनियोजन दक्षता -** यो वर्ष मन्त्रालयलाई पुँजीगत तर्फ रु.३३ करोड ३ लाख बजेट स्वीकृत भएकोमा रकमान्तरबाट बजेट घटाई रु.१४ करोड १५ लाख कायम भएकोमध्ये रु.१ करोड २७ लाख मात्र खर्च गरेको छ । मन्त्रालय र मातहतको लागि कुल रु.५ अर्ब ७२ करोड ४९ लाख ३२ हजार बजेट व्यवस्था भएकोमा रु.३ अर्ब ४८ करोड ७२ लाख ६७ हजार खर्च भएको छ । मातहतका निकायबाट पूर्णरुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्य सम्पादन ६०.९१ प्रतिशत रहन गई विनियोजन दक्षता प्रभावित भएको छ । कार्यक्रम कार्यान्वयन गरी खर्च क्षमता बढाउनुपर्दछ ।

४. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको नीति र कार्यक्रम बजेटले सम्बोधन गर्नुपर्दछ। मन्त्रालयसँग सम्बन्धित जीविकोपार्जनका कार्यक्रम, छोरी बुहारी मूलप्रवाहीकरण, दलित महिला आय आर्जन कार्यक्रम, राउटे, बादी, राजी लगायत अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मूख समुदायको उचित जीविकोपार्जन सामाजिक सुरक्षाका कार्यक्रम, जेष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि बृद्ध-आश्रम, मिलनकेन्द्र जस्ता सामुयिक संस्था, खस भाषाको शब्दकोष तयार, सिंजा क्षेत्रको पुरातत्व, दुल्लुस्थित नेपाली भाषाको सर्वप्राचीन अभिलेख, कृतिखम्व लगायतका प्रदेशमा रहेका ऐतिहासिक गढी, किल्ला र देवलको संरक्षण, प्रदेश संग्रहालयको स्तरोन्नति गर्दै स्थानीय तहसँगको सहकार्यमा सिंजा र दुल्लुमा सांस्कृतिक संग्रहालय निर्माण र पूर्वाधार विकास जस्ता कार्यक्रम गरेको देखिएन ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०७७।७८ मा उल्लेख भएका मन्त्रालयवाट सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूमध्ये मन्त्रालयको भवन निर्माण, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयारी, एक जिल्ला एक बहुप्राविधिक उच्च शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन, क्याम्पसको भौतिक सुधार, कर्णालीलाई साक्षर प्रदेश घोषणा, रुकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन, घुम्ति अस्पताल स्थापना, भाषा, कला, साहित्य प्रतिष्ठान गठन, लगायतका कार्यक्रम सञ्चालन गरेको देखिएन । बजेट वक्तव्यमा तोकिएका कार्यहरू कार्यान्वयन गरी बजेटका लक्ष्य एवं उद्देश्य प्राप्त गर्नुपर्दछ ।

६. **दिगो विकासको लक्ष्य -** नेपालको दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ। मन्त्रालयले संचालन एवं सम्पन्न गरेका शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्र लगायतका कार्यक्रममा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने सूचक उल्लेख गरी स्वीकृत गरेको देखिएन। दिगो विकास लक्ष्य सम्बोधन हुने गरी सूचक निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **स्वीकृत दरबन्दी -** यो मन्त्रालय र मातहतमा १ हजार ७० दरबन्दी स्वीकृत रहेकोमा ४ सय ८४ स्थायी र २ सय ७ करार समेत ६ सय ९१ पदपूर्ति भई ३ सय ७९ पद रिक्त रहेको छ । कोभिडको माहामारीको अवस्थामा मन्त्रालयले कुल बजेटमध्ये ६०.९१ प्रतिशत खर्च गरेको र स्वास्थ्य सेवा लगायतमा स्वास्थ्यकर्मी पदपूर्ति नहुँदा सेवा प्रवाहमा समेत प्रत्यक्ष असर परेको छ । सेवा प्रवाह प्रभावकारी बनाउन स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

सामाजिक विकास कार्यालयहरू

८. **बिल भरपाई बेगर भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा नापी कितावमा उल्लेख भएको कार्य सम्पादनको आधारमा तथा नियम १२४(१) मा खरिद संझौता बमोजिम सम्पन्न भएको कार्य स्वीकार पछि भुक्तानी दिनुपर्ने व्यवस्था छ।सामाजिक विकास कार्यालय, हुम्लाले कोट माध्यमिक विद्यालयको शैक्षिक भवन निर्माण वापत उपभोक्ता समितिलाई रु.४३ लाख २ हजार भुक्तानी दिएको छ। भुक्तानी पूर्व प्राविधिक नाँपजाच सहितको भर्पाई तथा कार्य सम्पन्न प्रतिवेदन पेस नभएकोले खर्चको यथार्थता यकिन भएको छैन । भवन निर्माण सम्पन्न भएको प्रमाण पेस हुनुपर्दछ ।

९. **अधुरो कार्य -** रुकुम पश्चिम जिल्लाको बाफिकोट गाँउपालिका वडा नं.१, २, ४, ५ र ६ स्थित ४७७ घरधुरीका २७५३ जनसंख्यालाई ग्राभिटी प्रणालीबाट आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउने गरी नौधारी पानी छिर्ना खानेपानी तथा सरसफाइ आयोजनाको लागत अनुमान रु.२ करोड ६१ लाख २० हजार निर्धारण गरी २०७१।७२ बाट उपभोक्ता समिति मार्फत कार्य गराएकोमा २०७६।७७ सम्म निर्माण सामग्री खरिदमा रु.६४ लाख ३८ हजार र उपभोक्ता समितिलाई भुक्तानीमा रु.१ करोड ९२ लाख ५५ हजार गरी जम्मा रु.२ करोड ५६ लाख ९३ हजार खर्च भएकोमा २०७७।७८ मा खर्च भएको छैन । आयोजनाको कार्य सम्पन्न भएको नदेखिँदा आयोजना अलपत्र छोड्नु मनासिव देखिएन ।

सोही कार्यालयले अदानचुली गाँउपालिका, हुम्लालाई रु.३८ लाख ९७ हजार निकासा दिई सोही रकम खर्च देखाई आर्थिक विवरण तयार गरेको छ । गाँउपालिकाले उक्त रकम खर्च गरी

कार्सम्पादन गरेको र एकीकृत आय व्ययमा उक्त रकम समावेस गरी लेखापरीक्षणमा स्रेस्ता पेस गरेको छैन ।

१०. **उद्देश्य बाहिरको खर्च** - वार्षिक कार्यक्रम सञ्चालन, आर्थिक कार्यविधि तथा वित्तीय दिग्दर्शन २०७७।७८ अनुसार अख्तियारी बमोजिमको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) मा खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि रु.१० लाख बजेट विनियोजन भएकोमा सम्झौता नगरी जिल्ला खेलकुद विकास समिति, रुकुम (पश्चिम) लाई विभिन्न मर्मत, फर्निचर खरिद र तलव भत्तामा खर्च गर्ने गरी रु.९ लाख ८५ हजार भुक्तानी दिएको छ। अख्तियारीमा उल्लेखित कार्यक्रममा फरक पर्ने गरी भएको खर्च नियन्त्रण हुनुपर्दछ ।

११. **भौतिक पूर्वाधार** - विद्यालय भौतिक पूर्वाधार निर्माणको लागि रकम निकाशा दिदाँ प्रथम किस्ताको प्राविधिक मूल्यांकन भएपछि दोश्रो किस्ता र दोश्रो किस्ताको प्राविधिक मूल्याँकन भएपछि मात्र तेस्रो किस्ता दिनुपर्दछ । सामाजिक विकास कार्यालय, दैलेखले चालु वर्षमा नै निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो नगरी आर्थिक वर्षको अन्त्यमा १५ विद्यालयको खातामा रु.३ करोड ३९ लाख ७९ हजार निकाशा गरी खाता रोक्का गरेको छ । विद्यालयले भौतिक निर्माण कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन, विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस र खर्चका यथार्थ विल भरपाई सहितका प्रमाण पेस गर्नुपर्दछ ।

१२. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाखसम्मको औषधिजन्य मालसामान सिधै खरिद गर्न सक्ने र सो भन्दा बढी मूल्यको औषधीजन्य मालसामान शिलबन्दी दरभाउपत्र वा बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने उल्लेख छ । औषधिजन्य समान एउटै प्याकेज बनाई शिलबन्दी दरभाउपत्र/बोलपत्र मार्फत प्रतिष्पर्धा गराई खरिद गर्नु पर्नेमा स्वास्थ्य सेवा कार्यालय, दैलेखले सात सप्लायर्सबाट सोझै खरिद गरी उपकरणका लागि रू.८६ लाख ९७ हजार र औषधिका लागि रु.४२ लाख ८३ हजार समेत रु.१ करोड २९ लाख भुक्तानी गरेको छ । नियमावलीमा भएको व्यवस्था अनुसार खरिद गर्नुपर्दछ ।

१३. **होटल खर्च** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ मा रकम खर्च गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कोभिडको समयमा अस्पताल कर्मचारी तथा स्वास्थ्यकर्मीलाई होटलवास खर्च भुक्तानी गरेकोमा मापदण्ड तयार गरेको छैन । काममा खटिएको विवरण संलग्न नगरी प्रदेश अस्पताल, सुर्खेतले १० होटललाई रु.१ करोड ६९ लाख १७ हजार भुक्तानी गरेको छ । मापदण्ड बनाई प्रतिस्पर्धाको आधारमा खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहत ३३ निकायको रु.११ करोड ७ लाख ३२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ५ लाख ५ हजार फर्स्यौट गरेकोले रु.१ करोड २ लाख २७ हजार बाँकी देखिएको छ । सोमध्ये रु.१ करोड ९ लाख ९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

➢ समितितर्फ १ अस्पताल विकास समितिको रु.६ करोड २९ लाख ४५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट भएको छैन । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा, २४४ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार छनोट गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासन सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश सभावाट प्रदेश लोकसेवा आयोग ऐन पारित भएपश्चात २०७७।१।१६ मा आयोगको स्थापना भएको हो।

यो वर्ष आयोगको विनियोजन रु.९४ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणवाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्यक्रम तथा निर्णय -** आयोगको वार्षिक प्रतिवेदन बमोजिम आर्थिक वर्ष २०७७।७८ मा पाठ्यक्रम निर्माण सम्बन्धी ४२, कानुन तथा नीति नियम सम्बन्धी ७ तथा विविध परामर्श सम्बन्धी १ निर्णय गरेको देखिन्छ । प्रदेश मातहत रिक्त दरबन्दी संकलन तथा पदपूर्ति कार्यतालिका तयार गरी कार्यान्वयन गर्न बाँकी रहेको छ ।

२. **कार्यान्वयन अवस्था -** कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमा पदपूर्तिका लागि माग भई नआएकाले २०७७।७८ मा पदपूर्ति सम्बन्धी कार्य हुन सकेको छैन । पदपूर्ति नभएकोमा प्रदेश र स्थानीय तहका स्वीकृत दरबन्दीमा करारमा कर्मचारी राख्ने गरेको एवं स्थानीय तहले बढुवा गरेको प्रक्रियाको सम्बन्धमा आयोगले कानुन बमोजिम निरीक्षण गर्नुपर्दछ।

आयोगको स्वीकृत दरबन्दी ४५ रहेकोमा सचिव सहित २३ पद रिक्त रहेको छ । सेवा प्रवाहमा प्रभावकारिता ल्याउन पदपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

३. **आयोगको परामर्श -** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६ को उपदफा २ अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको पदमा लिइने लिखित परीक्षा आयोगले संचालन गर्ने र उपदफा ३ मा प्रदेश सरकारी सेवाका पदमा वढुवा गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ । यस प्रदेशमा रहेका विभिन्न स्थानीय तहले कर्मचारी नियुक्ती तथा वढुवा गर्दा आयोगको परामर्श लिएको देखिएन। कर्मचारीको नियूक्ती तथा बढुवा गर्दा परामर्श लिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीहरूलाई राय सल्लाह दिने मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने उल्लेख छ । प्रदेश सभामा आवश्यकता अनुसार कानुनी प्रश्नमा राय व्यक्त गर्ने र अर्ध न्यायीक निकायमा प्रदेश सरकारको तर्फवाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्ताको रहेको छ ।

यसवर्ष खर्च विनियोजन रु.१ करोड २ लाख ९३ हजार, धरौटी रु.२ लाख ४६ हजार र अन्य कारोवार रु.२५ हजार समेत रु.१ करोड ५ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणवाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **वहस, पैरवी र कानुनी राय -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्धामा प्रदेश सरकारको तर्फवाट उपस्थित भई वहस पैरवी गर्ने गराउने र दफा ८ (१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्ता संग राय माग गर्ने व्यवस्था छ । यस वर्ष प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्ष वनाई सर्वोच्च अदालत, प्रशासकीय अदालत, उच्च अदालत सुर्खेत र उच्च अदालत सुर्खेत (जुम्ला ईजलास) मा ६५ मुद्धा दायर भएकोमा कार्यालयको तर्फवाट वहस पैरवी भई १ मुद्धामा फैसला भएको, १३ मुद्दामा रिट खारेज भएको र ५१ मुद्दा बाँकी रहेका छन् । चलिरहेका मुद्धा सम्बन्धी वहस, पैरवी कार्य प्रभावकारी ढंगले अगाडि बढाउनुपर्दछ ।

२. **निरीक्षण र अनुगमन -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसंग वा कानुन व्यवसायी मार्फत भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने व्यवस्था छ । कर्णाली प्रदेश अन्तर्गतका १० जिल्लाका हिरासत कक्ष तथा कारागारका कैदीवन्दीको अवस्थाको निरीक्षण र अनुगमन हुनुपर्दछ ।

३. **मुद्दाको स्थिति -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फवाट सर्वोच्च अदालतमा १८, उच्च अदालतमा ४६ र प्रशासकीय अदालतमा १ समेत कुल ६५ मुद्धामा लिखित जवाफ प्रस्तुत गर्ने, वहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये १ मुद्धा फैसला भएको, १३ मुद्धा रिट खारेज भएको र ५१ मुद्धा वांकी रहेका छन् । फस्यौंट हुन नसकेको मुद्दा ७८.४० प्रतिशत रहेकोले स्रोत साधनको अधिकतम प्रयोग गरी न्यायीक सम्पादनमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्दछ।

- **बेरुजुको स्थिति -** कार्यालयको रु.२१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फस्यौंट हुन नसकी सोही रकम नै बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

कर्णाली प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७५ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलश्रोत तथा उर्जा अन्य प्राकृतिक श्रोत, मानव श्रोत, सुशासन व्यवस्थापन, मन्त्रालय तथा निकायसंग समन्वय, प्रदेशस्तरमा नयाँ विकास योजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण गरी प्रदेश सरकारलाई परामर्श दिने, लाभ लागत लगायतका विविध विश्लेशणको आधारमा आयोजना वैङ्क व्यवस्थापन प्रणाली निर्माण गर्ने, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने लगायतका कार्यहरू आयोगको क्षेत्रमा रहेकाछन् ।

यो वर्ष विनियोजन रु.२ करोड ७ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणवाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना -** आयोगले प्रथम पञ्च वर्षिय योजना (२०७६।७७-२०८०।८१) को विस्तृत दस्तावेज तयार गरी प्रदेश सरकारवाट स्वीकृत भए पश्चात २०७६।६।१ मा सार्वजनिक गरेको छ। प्रथम पञ्चवर्षिय योजनाले राष्ट्रिय विकास लक्ष्य, समृद्ध नेपाल सुखि नेपालीको सारलाई आत्मसाथ गर्दै स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालिन सोच राखी विशिष्टताका आधारमा १२ आधार स्तम्भ र ६१ गन्तव्य सुचक निक्यौंल गरेको छ । आवधिक योजनामा दिगो विकास लक्ष्यका साथै दीर्घकालिन राष्ट्रिय लक्ष्यका सूचकलाई आवद्ध गरी आर्थिक विकास अर्न्तगत १२, सामाजिक विकास अर्न्तगत १३, पूर्वाधार विकास अन्तर्गत १०, अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत ४ र सुशासन शान्ति सुरक्षा अन्तर्गत २ गरी जम्मा ४१ विषय समेटेको छ । ती विषय कार्यान्वयन गर्न श्रोतको आंकलन र बजेट व्यवस्था भएको छैन । घोषित कार्यक्रम वार्षिक बजेटमा समावेश गर्नुपर्दछ ।

२. **प्रदेश विकास परिषद -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा प्रदेश विकास परिषद रहने व्यवस्था छ । मुख्यमन्त्रीको अध्यक्षतामा, प्रदेश परिषदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू र प्रदेश सरकारबाट मनोनित सदस्य रहने व्यवस्था छ । यस वर्ष प्रदेश विकास परिषदको बैठक भौतिक रुपमा सञ्चालन हुन सकेन । प्रदेश विकास समस्या समाधान उप-समितिको बैठकवाट प्राप्त सुझाव प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने, अनुदान वांडफांड सम्बन्धी सुझाव/सल्लाह कार्यान्वयनका साथै आयोजनाको अनुगमन गरी प्रदेश सरकारको कार्य सम्पादनमा प्रभावकारीता ल्याउनुपर्दछ ।

३. **लक्ष्य प्रगति -** यस आयोगवाट सञ्चालन गर्ने गरी क्षेत्रगत विकास नीति, कार्यविधि, निर्देशिका, मापदण्ड तयारी, प्रदेश र स्थानीय तहको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन निर्देशिका सम्बन्धी प्रशिक्षण, प्रदेश वार्षिक योजना तर्जुमा सम्बन्धी प्रदेश स्तरीय कार्यालय तथा स्थानीय तहका योजना अनुगमन तथा प्रशिक्षण लगायतका विभिन्न ९ क्रियाकलाप सञ्चालन गर्ने गरी रु.१करोड ३ लाखको कार्यक्रम स्विकृती भएकोमा प्रदेश स्तरीय नीति, योजना तर्जुमा कार्यान्वयन र अनुगमन सम्बन्धी अन्तरक्रिया तथा छलफल लगायतका कार्यक्रमहरूमा ४२ प्रतिशत प्रगति भई रु.४२ लाख ४८ हजार खर्च भएको छ । यस वाहेक अन्य कार्यक्रमको प्रगति शुन्य रहेको छ । लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

४. **योजना समीक्षा -** आयोगले प्रथम पञ्च वर्षिय योजना (२०७६।७७-२०८०।८१) तर्जुमा गरी लागू गरेको छ । योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचक समेत उल्लेख छ । पहिलो वर्ष वहु-आयामिक गरिवी सुचकाङ्क १८ प्रतिशतमा झार्ने, मानव विकास सुचाकाङ्क ०.५८८ पुऱ्याउने, आर्थिक वृद्धिदर १४.९ प्रतिशत पुऱ्याउने, उद्योग ३२.२ प्रतिशत, प्रतिव्यक्ति आय १ हजार १ सय ४७ अमेरिकी डलर पुऱ्याउने लगायतको लक्ष्य राखेकोमा प्रगति समीक्षा गरेको छैन । प्रत्येक वर्षको लागि तोकिएका सूचक बमोजिम नतिजा हासिल गर्न नसकेमा प्रथम पञ्च वर्षिय योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न कठिनाई हुने हुँदा योजनाले तोकेको समय भित्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५. **अनुगमन तथा मूल्याङ्कन -** आयोगले कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ तयार गरी प्रकाशन गरेको छ । निर्देशिका तर्जुमा भएपनि कर्मचारी रिक्तताका कारण अनुगमन तथा मूल्याङ्कन हुन सकेको छैन । योजनाको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्दछ ।

परिच्छेद ४

प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ। यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन -** प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको व्यहोरामा छलफल हुने व्यवस्था भएतापनि हालसम्म महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रदेश सभामा पेस भएको छैन । प्रतिवेदन उपर छलफल प्रारम्भ गरी बेरुजु किनारा लगाई वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट -** यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १४१ कार्यालयको लेखापरीक्षण हुँदा ७६ कार्यालयको बेरुजु रु.३ अर्ब २३ करोड ३४ लाख ८२ हजार देखिएकोमा ७ कार्यालयको प्रमाण तथा प्रतिक्रियाको आधारमा लगती दफा २५ बाट रु.१ अर्ब ६९ करोड ४६ लाख १९ हजार फर्स्यौंट भएको छ । प्रदेश कानुनको उल्लिखित व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७७।७८ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१३** मा समावेश गरिएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १० समितिको लेखापरीक्षण हुँदा रु.६ करोड २९ लाख ४५ हजार बेरुजु देखिएको छ ।गत वर्ष प्रदेशको सरकारी कारोबार र समिति तथा अन्य संस्था तर्फको रु.१ अर्ब ३१ करोड १५ लाख ४९ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा यो वर्ष रु.११ करोड ४६ लाख २८ हजार फर्स्यौंट भई रु.१ अर्ब १९ करोड ६९ लाख २१ हजार कायम भएको छ । कानुन बमोजिम बाँकी बेरुजु फर्स्यौंट गर्नुपर्दछ ।

३. **प्रतिवेदन कार्यान्वयनका प्रयास** - बेरुजु फर्स्यौंट गरी प्रतिवेदन कार्यान्वयन गर्न स्थलगत रुपमा टोली खटिएको अवस्थामा सोही टोलीबाट सम्परीक्षण गरी स्थलगत रुपमै जानकारी दिने व्यवस्था गरिएको छ । सम्परीक्षण गरिएकोमा सोको अङ्क र सम्परीक्षणको लागि पेस नभएको अवस्थामा सोही व्यहोरा प्रारम्भिक प्रतिवेदनमा खुलाउनुपर्ने व्यवस्था गरिएको छ । प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको व्यहोरामा छलफल हुने व्यवस्थाअनुरुप छलफल प्रारम्भ गरी बेरुजु किनारा लगाई वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

सुधारका क्षेत्रहरू

नेपालको संविधानमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख छ । उक्त उद्देश्य पुरा गर्न राज्यले आवश्यक नीति तथा कानुन तर्जुमा, संगठनात्मक संरचना, पूर्वाधार विकास, आर्थिक क्रियाकलापहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन गरी प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । उक्त क्रियाकलापहरू सञ्चालनमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको पालना तथा स्रोत र साधनको उचित परिचालनबाट विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी, प्रभावकारी बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । प्रदेश सरकार गठन भएको छोटो अवधिमा स्रोत साधन प्राप्ती, उपयोग तथा परिचालन र सोबाट प्राप्त हुने प्रतिफलमा सकारात्मक संकेत देखिएको छ । यस्ता सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न विद्यमान आर्थिक कार्यप्रणालीमा सुधारको आवश्यकता देखिएको छ । ती सुधारका पक्षहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **नीति कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले मन्त्रालयहरूलाई कार्य जिम्मेवारी तोकेको छ । उक्त कार्य जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित नीतिगत व्यहोराहरू प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकार (कार्यविभाजन) नियमावली बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारको समग्र आर्थिक सूचक तयार गर्ने, आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लगायतका नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । त्यस्तै, कृषि, वन, पर्यटन, उद्योग लगायतको विषयमा क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयनका माध्यमबाट प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म कानुन निर्माण गर्न ५८ विधेयक प्रदेश सभामा पेस भएकोमा ३६ विधेयक पारित भई ८ विधेयक फिर्ता र १४ विधेयक विचाराधिन रहेको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसञ्चालन प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा विधिसम्मत कार्यको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **कानुनको पालना -** विद्यमान सार्वजनिक खरिद ऐन, नियम, प्रदेश आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानुनहरूको पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउन सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ । कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **सेवा र सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधाभन्दा बढी नहुने गरी सुविधा भुक्तानी गर्नुपर्नेमा चाडपर्व खर्च, प्रदेश सचिव थप सुविधा, यातायात खर्च सुविधा, सल्लाहकार लगायतका सुविधा ऐन अनुसार तोकिएभन्दा बढी खर्च गर्ने प्रवृत्तिमा सुधार गरी मापदण्ड बमोजिम सेवा सुविधा उपलब्ध गराउने व्यवस्था अवलम्वन गर्नुपर्दछ।

- **संगठन तथा जनशक्ति व्यवस्थापन**

५. **दरबन्दी तथा पदपूर्ति -** प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यालय र कर्मचारी दरबन्दी यकिन गर्ने र दरबन्दी अनुसार पदपूर्ति गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउनुपर्दछ ।

६. **सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक संचालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन सेवा प्रवाह मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो व्यवस्थापन एवं सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ । सेवा प्रवाहमा संलग्न हुने पदाधिकारी एवं जनशक्ति सेवाग्राहीप्रति सोझै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली तयार गरी लागु गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

७. **आयोजना बैङ्क -** पूर्वाधार विकासका क्षेत्रहरू जस्तै सडक, सिँचाई, खानेपानी, पर्यटन, कृषि, उद्योग, वन आदिको दीर्घकालिन विकासको प्रारुप तयार गरी क्षेत्रगत आयोजना, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभान्वित हुने वर्ग र प्राथमिकिकरण सहित आयोजना बैङ्क तयार गर्नुपर्ने देखिएको छ ।

८. **आयोजना छनौट एवं कार्यान्वयन -** आयोजना बैंकबाट प्राथमिकता प्राप्त आयोजनाको छनौट एवं कार्यान्वयन गर्ने, निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्ने र आयोजनाको अनुगमन र मूल्याङ्कन गरी कार्यान्वयनमा ढिलाई हुनुको कारण पहिचान गरी समयमै आयोजना सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

९. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यको राष्ट्रिय सूचक अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, भौतिक पूर्वाधार, सिँचाई, आवास लगायतका क्षेत्रमा योजना तर्जुमा तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र अपेक्षित उद्देश्य/लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०. **अध्ययन प्रतिवेदन –** प्रदेश सरकारले परामर्शदाता मार्फत तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अभिलेख राखि कार्यान्वयनमा ल्याउनुपर्दछ । संघबाट अध्ययन गरी तयार भएका प्रतिवेदनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी दोहोरो अध्यान नहुने व्यवस्था मिलाउनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

११. **बजेट तर्जुमा -** बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, राजस्व संकलन गर्न सक्ने क्षमता, सरोकारवालाको सहभागिता लगायत पक्षमा ध्यान दिई बजेट निर्माण गर्नुपर्ने देखिन्छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, मध्यमकालिन खर्च संरचना, बहुवर्षिय चक्रिय बजेट (Rolling Budget) लगायतका अवधारणा अनुसार कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्दछ।

१२. **बजेट विनियोजन -** प्राथमिकतामा रहेका योजना एवं कार्यक्रममा बजेट विनियोजन गर्ने, बजेट अबण्डा राखी पछि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, दीगो विकास हुने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च हुने स्पष्ट आधारसहित पेस गर्ने र सो अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष प्रदेश सरकारले पेस गरेको बजेट वक्तव्य अनुसार रु.३३ अर्ब ७४ करोड १३ लाख बजेट विनियोजन गरेकोमा रु.२२ अर्ब ७५ करोड २० लाख खर्च गरी कुल विनियोजनको ६७.४३ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रम र आधार बेगर बजेट अनुमान गरेको र बजेट अनुसार खर्च गर्न नसकेकोले मन्त्रालयको विनियोजन दक्षता कमजोर रहेको देखियो । कार्यक्रम बजेट खर्च गरी विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ ।

१४. **परामर्श खर्च -** परामर्शदाता खर्चमा अत्यधिक वृद्धि हुँदै गएको देखिएको छ । परामर्श खर्चमा न्यूनीकरण गर्न सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, संभाव्यता अध्ययन भएका योजना मात्र वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **अनुदानको उपयोग -** अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि, ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने कार्यमा अनुदान दिने परिपाटी अन्त्य गर्नुपर्ने, व्यक्तिगत लाभ हुने किसिमको अनुदान दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने र अनुदानको तालुक निकायबाट अनुगमन, मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै अनुदान रकमको उपयोगबाट रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा उपयोग, सर्वसाधारणको पहुँच वा सुविधा सम्बन्धमा मूल्याङ्कन गरी अनुदान उपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

१६. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च बढ्दै गएको तथा पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ । समग्र आर्थिक अवस्थामा सुधार गरी पूर्वाधार विकास, प्रतिफलयुक्त

क्षेत्रमा लगानीका माध्यमबाट पुँजीगत खर्च बढाउनुपर्ने अवस्था देखिएको छ भने चुस्त र छरिटो संगठन, अनावश्यक र फजुल खर्चमा नियन्त्रण, आदिका माध्यमबाट चालु खर्च घटाउनुपर्ने देखिन्छ।

१७. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रणको आवश्यकता, नियन्त्रण वातावरण, नियन्त्रण क्रियाकलाप, समन्वय एवं सञ्चार र अनुगमन जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली निकायको कार्यसँग प्रत्यक्ष सम्बन्धित रही जोखिम न्यूनिकरण गर्ने विषयसँग सम्बन्धित हुनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१८. **नर्म्स तथा निर्माण स्थल -** निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक एवं स्वीकृत गरी खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तरनिकाय समन्वय र स्वीकृत लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद कार्य गर्नुपर्दछ।

१९. **खरिद सम्झौता कार्यान्वयन -** सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२०. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा टुक्रा गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिनुका साथै खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणालीलाई अनिवार्य गर्ने र खरिद प्रक्रियालाई पारदर्शी, खुला, उद्देश्यमूलक र मितव्ययी बनाउन खरिद योजना बनाई प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

२१. **निर्माण कार्य सम्पन्न -** निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट बञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्न, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

